USAID
FROM THE AMERICAN PEOPLE

NDI
NATIONAL DEMOCRATIC INSTITUTE
FOR INTERNATIONAL AFFAIRS

# नीति समीक्षा

तेस्रो संस्करण, भदौ २०७८

# युवाका लागि अवसर



नेपालमा युवा नीति: इतिहासदेखि वर्तमानसम्म

लैङ्गिक पहिचानको अधिकार: कानुनी व्यवस्था र प्रभाव

पत्रकारिता, युवा र नेतृत्वका कुरा सवलीकरण

अन्तरसम्बद्धता: नेपालमा अपाङ्गता भएका युवा पहिचानको बाटो

## Policy Review

# Opportunities For Youth

## नीति समीक्षा

# युवाका लागि अवसर

# Disclaimer

This publication is made possible by the support of the American people through the United States Agency for International Development (USAID) under Award No. AID-367-LA-17-00001. The opinions expressed herein are those of the author(s) and do not necessarily reflect the views of USAID or the United States Government.

NDI is a non-profit, nonpartisan, nongovernmental organization that has supported democratic institutions and practices in every region of the world for more than two decades. Since its founding in 1983, NDI and its local partners have worked to establish and strengthen political and civic organizations, safeguard elections and promote citizen participation, openness and accountability in government.

Copyright: National Democratic Institute for International Affairs 2021. All rights reserved. Portions of this work may be reproduced and or translated for non-commercial purposes provided NDI is acknowledged as the source of the material and is sent copies of any translation."

**Address:**
National Democratic Institute for International Affairs (NDI)
Continental Center, 4th Floor, Uttar Dhoka Sadak, Gairidhara-2, Kathmandu, Nepal
G.P.O. 8975, E.P.C 4129
Tel: (+977) (1) 4442079, Fax: (+977) (1) 4442079
email: spaudel@ndi.org

# द्रष्टव्य

अमेरीकी जनताको उदार सहायताबाट अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अवार्ड नम्बर एआइडी–३६७–LA–१७–००००१ अन्तर्गत यस प्रकाशन सम्भव भएको हो । यहाँ व्यक्त गरिएका विचारहरू लेखकका निजी हुन् र तिनले युएसएआइडी र अमेरिकी सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट (एनडिआई) एक मुनाफा रहित गैर-सरकारी तथस्ट संस्था हो जसले विश्वभर रहेका लोकतान्त्रिक संस्था र अभ्यासहरूलाई बिगत दुई दशकभन्दा लामो समयदेखि सहयोग गर्दै आएको छ । सन् १९९३ मा एनडीआईको स्थापना भएदेखि नै एनडिआई र यसका स्थानीय साझेदारहरूले राजनीतिक र नागरिक संस्थाहरूको स्थापना र सबलीकरण गर्ने, चुनावी प्रक्रियाको संरक्षण गर्ने र सरकारमा नागरिक सहभागिता, खुल्लापन र जवाफदेहिता बढाउने काम गर्दै आइरहेको छ ।

**प्रतिलिपि अधिकार:** सबै अधिकारहरू नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स २०२१ मा सुरक्षित रहेका छन् । यस प्रकाशनका केही अंशहरू पुनः उत्पादन गर्न वा गैर–नाफामुलक उद्देश्यका लागि अनुवाद गर्न सकिनेछ तर यसका लागि एनडिआईलाई यसको स्रोतका रूपमा उल्लेख गरी अनुवादको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

**ठेगाना**
नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स (एनडिआई)
कन्टिनेन्टल सेन्टर, चौथो तल्ला, उत्तरढोका सडक, गैरीधारा–२, काठमाण्डौ, नेपाल
जि.पि.ओ. ८९७५, इ.पि.सि. ४१२९
सम्पर्क नम्बरः (+९७७) (१) ४४४२०७९, फ्यासः (+९७७) (१) ४४४२०७९
इमेलः spaudel@ndi.org

# Editorial Board

**Deborah Healy**, Chairperson

**Akhilesh Upadhyay**, Member

**Jaya Jung Mahat**, Member

**Nayan Pokhrel**, Member

**Pranika Koyu**, Member



# सम्पादक मण्डल

**डेब्राह हिली**, अध्यक्ष

**अखिलेश उपाध्याय**, सदस्य

**जय जंग महत**, सदस्य

**नयन पोखरेल**, सदस्य

**प्रनिका कोयु**, सदस्य

# Foreword

Namaste.

Following the recent publication of the second edition, I am delighted to now share with you the third edition of the Policy Review – the latest publication from the National Democratic Institute (NDI) Nepal. The Policy Review is an initiative of the five-year USAID funded Niti Sambad ('Policy Dialogue') project. Niti Sambad contributes to USAID/Nepal's goal of helping to advance a more democratic and resilient Nepal by helping to support all democratic institutions and by further strengthening political, social and economic inclusion.

Through the Policy Review, NDI Nepal aims to make policy analysis more publicly accessible, thereby further cementing linkages between citizens and those they elect. The aim is to examine how policies relating to key issues such as federalism, gender equality and the rights of youth and different marginalized communities, are being addressed by policy makers at all levels of government. However, the Policy Review is not an academic journal, rather, it is a publication that aims to put forward interesting and thought-provoking essays from Nepali policy experts providing a diverse range of perspectives on their country's key policy developments.

This edition covers the important topic of youth participation in public life. The issues covered in the publication range from an analysis on the history of youth policy in Nepal, to insights on gender identity, recognizing young people with disabilities, and role and opportunities for Nepali youth in journalism.  The articles aim to provide some important and valuable insights in regard to how the issue of youth participation in politics in Nepal is being treated.

There are 3.5 billion people under the age of 30 living in the world today, comprising the largest young population in history. This unprecedentedly large generation makes up more than half of the global population. Yet, youth are disproportionately affected by unemployment, environmental degradation, violent conflict, poor physical, social and emotional health, insufficient access to education, and displacement. Young women are also further disadvantaged due to discriminatory norms that prevent them



# प्रस्तावना

नमस्ते ।

नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडिआई)ले प्रकाशन गर्दै आइरहेको नीति-समीक्षाको दोस्रो संस्करण प्रकाशन भएको केही समयपछि यहाँहरूमाझ नीति-समीक्षाको तेस्रो संस्करण ल्याउन पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । यो नीति-समीक्षा युएसएआईडीको आर्थिक सहयोगमा सञ्चालित पाँचवर्षे नीति संवाद परियाजनाको एउटा प्रकाशन हो । सबै लोकतान्त्रिक संस्थाहरूलाई सहयोग उपलब्ध गराउँदै राजनीतिक, सामाजिक र आर्थिक समावेशीकरणलाई थप सुदृढ बनाउँदै बलियो लोकतान्त्रिक नेपाल निर्माणमा सहयोग पुऱ्याउने युएसएआईडी नेपालको उद्देश्य प्राप्तिका लागि यो नीति संवादले योगदान पुऱ्याउँछ ।

एनडिआई नेपालले नीति-समीक्षामार्फत नीतिसम्बन्धी विश्लेषणलाई सार्वजनिकरूपमा सबैको पहुँचसम्म पुऱ्याएर नागरिक र जनप्रतिनिधिबीचको सम्बन्ध थप बलियो बनाउने लक्ष्य लिएको छ । यस समीक्षाको उद्देश्य संघीयता, लैङ्गिक समानता, युवा तथा विभिन्न सीमान्तकृत समुदायका अधिकारजस्ता मुख्य मुद्दाहरूसँग सम्बन्धित नीतिलाई सबै तहका सरकारका नीति-निर्माताले कसरी सम्बोधन गरिरहेका छन् भनेर केलाउनु पनि हो । यद्यपि, यो नीति-समीक्षा प्राज्ञिक जर्नल भने होइन । यसले नेपालको मुख्य नीतिहरूमा फरक-फरक विचार राख्ने नेपाली नीति विज्ञहरूको चाखलाग्दो र विचारपरक लेख समावेश गर्दै आइरहेको छ ।

नीति-समीक्षाको यस संस्करणमा हामीले सार्वजनिक जीवनमा युवाको सहभागिताको महत्वपूर्ण सवाल समावेश छौं । नेपालमा युवा नीतिको ऐतिहासिक विश्लेषणदेखि लैङ्गिक पहिचान, अपाङ्गता भएका युवाहरूको पहिचान र पत्रकारितामा नेपाली युवाको भूमिका र अवसरजस्ता मुद्दाहरू यस संस्करणमा समावेश गरिएका छन् । यी लेखहरूले नेपाली राजनीतिमा युवाको सहभागिताको सवाललाई कसरी सम्बोधन गरिन्छ भन्ने सन्दर्भमा महत्वपूर्ण दृष्टिकोण प्रदान गर्दछन् ।

विश्वभर अहिले ३० वर्षभन्दा कम उमेर हुने मानिसको जनसंख्या ३.५ अर्ब छ । यो इतिहासमै सबैभन्दा धेरै युवा जनसंख्या रहेको अवस्था हो । यस्तो अभुतपूर्व युवा पुस्ताले अहिले विश्वको आधा जनसंख्या ओगटेको छ । तर, आज यी युवा बेरोजगारी, वातावरणमा प्रदुषण, हिसांत्मक द्वन्द्व, कमजोर शारीरिक अवस्था, कमजोर सामाजिक र भावनात्मक स्वास्थ्य, शिक्षामा पहुँचहीनता र विस्थापनजस्तो समस्याबाट गम्भीररूपमा प्रभावित भइरहेका छन् । विभेदकारी मूल्य-मान्यताका कारण युवा महिला बहिस्करणमा पारिएका छन् । उनीहरूले पुरूष सरह समान अधिकार अभ्यास गर्न पाइरहेका छैनन् भने सार्वजनिक जीवनमा सहभागी हुनबाट पनि बञ्चित छन् । अपाङ्गता, यौनिक पहिचान, लैङ्गिक

experiencing the same rights as men and prevent their participation in public life. Different youth also experience challenges based on disability, sexual orientation, gender identity, ethnicity, and religion.

Despite being capable of contributing unique energy and ideas to develop more stable democracies, they nevertheless face many barriers. Entrenched political elites are often reluctant to share power with youth, whom they may see as inexperienced, apathetic, unable to lead or even a threat. Moreover, young women are perceived as further incapable of political participation due to discriminatory gender norms. Although some political leaders have provided young women and men with limited political representation, such spaces usually fail to provide youth with meaningful political influence. This lack of tangible support causes many young women and men to become disenchanted with formal political parties, which they view as unrepresentative and unresponsive. That is why Nepali youth need real opportunities to participate in politics to help drive innovation and find solutions to a complex array of challenges facing society.

Please let us know what you think of the publication in regard to the views expressed and/or the topics covered. Your feedback will help us greatly in terms of improving the publication further. As your opinion matters to us, please let us know what you think by contacting us - please see page 4 for details on how to do so.

Finally, I would like to highlight that the Policy Review series is made possible by the generous support of the American people through the United States Agency for International Development (USAID) under Award No. AID-367-LA-17-00001. The opinions expressed herein are those of the authors and do not necessarily reflect the views of NDI, USAID or the United States Government.

Again, I hope you will enjoy reading this publication.

With kinds regards,

**Deborah Healy**
**Senior Country Director**
**NDI Nepal**

पहिचान, जातीय र धार्मिक आधारमा युवाहरूले विभिन्न किसिमका चुनौतीको सामना गरिरहेका छन् ।

स्थायी लोकतान्त्रिक व्यवस्था निर्माणका लागि यवाहरूले बिलकुल फरक शक्ति र सिर्जनात्मक विचार निर्माण गरेर योगदान गर्न सक्ने भएतापनि उनीहरू विभिन्न किसिमका चुनौतीको सामना गर्न बाध्य हुन्छन् । राजनीतिक रूपमा सम्भ्रान्त वर्ग प्रायःजसो युवालाई शक्तिमा ल्याउन चाहँदैनन् र युवासँग शक्ति साझेदारी गर्न पनि चाहँदैनन् । उनीहरू युवामा अनुभवको कमी भएको ठान्छन् भने उदासीन र नेतृत्व गर्न सक्षम भइनसकेको देख्छन् । यसका साथै युवालाई उनीहरू चुनौतीका रूपमा पनि लिन्छन् । विभेदकारी लैङ्गिक मुल्य-मान्यताका कारण युवा महिलालाई राजनीतिक सहभागिताको लागि सक्षम ठानिँदैन । यद्यपि, केही राजनीतिक दलले युवा महिला र पुरूषलाई सीमित मात्रामै भए पनि राजनीतिमा समावेश गरिरहेका छन् । यसरी समावेश भएका युवाले अर्थपूर्ण प्रभाव पार्न सक्ने अवस्था भने बनिसकेको छैन । आवश्यक सहयोगको अभावका कारण धेरैजसो युवा महिला र पुरूष औपचारिक राजनीतिक संस्थासँग निराश छन् । उनीहरू यस्ता संस्थालाई गैरप्रतिनिधिमुलक र अनुत्तरदायी ठान्छन् । त्यसैले समाजमा रहेका जटिल चुनौतीहरूको समाधान गर्न नेपाली युवालाई नवीन तरिकासहित राजनीतिक अभ्यासमा संलग्न गराउनुपर्छ जसका लागि उपयुक्त अवसरको सिर्जना गर्न आवश्यक छ ।

कृपया, यस प्रकाशनमा व्यक्त गरिएका विचार र समावेश गरिएका विषयबारे तपाईंको धारणा हामीलाई जानकारी गराउनुहोला । तपाईंको सल्लाह-सुझावले प्रकाशनलाई थप सुधार गर्न हामीलाई सहयोग पुग्नेछ । तपाईंको विचार हाम्रो लागि महत्वपूर्ण हुने भएकाले हामीलाई सम्पर्क गरेर जानकारी दिनुहोला – बिस्तृत विवरणका लागि कृपया पृष्ठ ५ मा हेर्नुहोला ।

अन्त्यमा, यो नीति-समीक्षाका श्रृखलाहरू अमेरिकी जनताको उदार सहयोगद्वारा सञ्चालित संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) अन्तर्गत अवार्ड नम्बर एआइडी–३६७–एलए–१७–००००१ को सहयोगका कारण सम्भव भएको व्यहोरा म स्पष्ट पार्न चाहन्छु । यस प्रकाशनमा समावेश गरिएका विचार लेखक स्वयंका हुन् । लेखमा उल्लेख गरिएको विचारले एनडीआई, युएसएआइडी र अमेरिकी सरकारको विचारको प्रतिनिधित्व गर्दैन ।

अन्त्यमा, यो संस्करणमा समावेश गरिएका लेख पढेर तपाईं आनन्दित हुनुहुनेछ भन्ने मलाई आशा छ ।

धन्यवाद ।

**डेब्राह हीलि**
**वरिष्ठ आवाशीय निर्देशक**
**एनडीआई नेपाल**

# List of Contributors

### Brabim Kumar

Brabim Kumar has over ten years' experience in youth activism, research, and leadership development. He is the former president as well as general secretary of Association of Youth Organizations Nepal. Having been recognized as a global youth researcher by Youth Policy Lab from the Asia Pacific region in 2015, he was also a global youth advisor nominee for UN Habitat (2015). He writes regularly on youth issues for various national media outlets.

### Rukshana Kapali

Rukshana Kapali is 22 years old trans woman from Newar ethnic-nation. She speaks publicly about Sexual Orientation, Gender Identity and Sex Characteristics (SOGIESC) rights and also advocates for the Nepal Bhasa movement. She is an author who has published several resources on SOGIESC rights and language in three languages.

### Basanta Basnet

Basanta Basnet is currently serving as Editor-in-Chief of the Silapatra online news portal. Prior to that, he was the editor of Nepal Magazine and Annapurna Today. He also worked as a journalist in Kantipur daily as a political correspondent. He wrote a book named '72 ko Bismaya'.

### Pratima Gurung

Pratima Gurung is an activist who has been instrumental in raising the voices of women, indigenous persons, disability rights, and marginalized groups. She has striven to bridge multiple marginalized identities with an intersectional lens. She is currently a faculty member at Padmakanya College and contributes as an expert in the Disability National Direction Committee, formed by the Ministry of Women, Children and Senior Citizen.

# लेखकहरू

### ब्रबिमकुमार

ब्रबिमकुमार युवा अभियान्ता हुनुहुन्छ । उहाँसँग युवा विषयमा अनुसन्धान र नेतृत्व विकासको दश वर्षभन्दा लामो अनुभव छ । उहाँ नेपाल युवा संस्था सञ्जालको पूर्व-अध्यक्ष र महासचिव हुनुहुन्थ्यो । युवा नीति ल्याबले सन् २०१५ मा उहाँलाई एसिया प्रशान्त क्षेत्रबाट विश्वव्यापी युवा अनुसन्धानकर्ताको रूपमा मान्यता दिएको थियो । यसैगरी सन् २०१५ मा उहाँ युएन हेविट्याटको विश्वव्यापी युवा सल्लाहकारमा पनि मनोनित हुनुभएको थियो । उहाँ विभिन्न राष्ट्रिय सञ्चारमाध्यमा युवाको सवालमा निरन्तररूपमा लेख लेख्नुहुन्छ ।

### रूक्शना कपाली

रूक्शना कपाली नेवार समुदायको २२ वर्षीय पारलैङ्गिक महिला हुनुहुन्छ । उहाँ सार्वजनिक रूपमा यौनिक अभिमुखिकरण, लैङ्गिक पहिचान र यौनिक विशेषताको अधिकारबारे निरन्तररूपमा बोल्दै आउनु भएको छ । उहाँ नेपाल भाषा आन्दोलनमा पनि सक्रिय हुनुहुन्छ । मूलतः यौनिक अभिमुखिकरण, लैङ्गिक पहिचान र यौनिक विशेषतासहित व्यक्तिको अधिकार र भाषा अधिकारबारे उहाँले लेख्नुभएका सामग्रीहरु विभिन्न तीन भाषामा प्रकाशित भएका छन् ।

### बसन्त बस्नेत

बसन्त बस्नेत शिलापत्र अनलाईन समाचार पोर्टलको प्रधान सम्पादकका रूपमा कार्यरत हुनुहुन्छ । त्यसअघि उहाँ 'नेपाल' र 'अन्नपूर्ण टुडे' म्यागेजिनको सम्पादकको भूमिकामा हुनुहुन्थ्यो । कान्तिपुर दैनिकमा राजनीतिक संवाददाताको रूपमा पत्रकारिता गरिसक्नु भएका बस्नेत '७२ को विस्मय' नामक पुस्तकको लेखक हुनुहुन्छ ।

### प्रतिमा गुरूङ्ग

प्रतिमा गुरूङ्ग महिला, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र सिमान्तकृत समूदायको अधिकारका पक्षमा निरन्तर आवाज उठाइरहने एकजना अभियन्ता हुनुहुन्छ । उहाँले बहु-सिमान्तकृत पहिचानको सवालमा अन्तरसम्बद्धताको दृष्टिकोणबाट काम गर्दै आउनु भएको छ । पदमकन्या क्याम्पसको संकाय सदस्य (फेकल्टी मेम्बर) उहाँ नेपाल सरकारको महिला, बालबालिका र ज्येष्ठ नागरिक मन्त्रालयद्वारा गठित अपाङ्गता राष्ट्रिय निर्देशन समितिमा विज्ञको रूपमा संलग्न भई योगदान दिइरहनु भएको छ ।

# Contents


16 | Youth Policy in Nepal: From Past to Present
– Brabim Kumar

26 | Right to Gender Identity: Legal Provisions and Their Effects
– Rukshana Kapali

38 | Journalism, Youth and Leadership
– Basanta Basnet

48 | Intersectionality: A Pathway Towards Recognizing Young People with Disabilities in Nepal
– Pratima Gurung


# विषयवस्तु


१७ | नेपालमा युवा नीति: इतिहासदेखि वर्तमानसम्म
– ब्रबिमकुमार

२७ | लैङ्गिक पहिचानको अधिकार: कानुनी व्यवस्था र प्रभाव
– रुक्शना कपाली

३९ | पत्रकारिता, युवा र नेतृत्वका कुरा सवलीकरण
– बसन्त बस्नेत

४९ | अन्तरसम्बद्धता: नेपालमा अपाङ्गता भएका युवा पहिचानको बाटो
– प्रतिमा गुरुङ्ग

# Youth Policy in Nepal: From Past to Present

■ Brabim Kumar

## Introduction

The Nepali state did not attempt to address the concerns of youth for a long time even after the practice of policy making and planned development had begun in other areas. The conception of a youth organization can be seen in the Constitution of the Kingdom of Nepal, 1962. Similarly, in 1977, the then Social Service National Coordination Council formed a Youth Activities Committee. After implementing the New Education Policy in 1971, the Panchayat system conducted a National Development Service Model program from 1972 to 1979. Mobilizing students enrolled in post-graduate studies at Tribhuwan University into villages, it played a role in the personal development of youth. However, suspicious that the program was helping advance anti-Panchayat political sentiment in rural areas, the state closed down the program.

The National Planning Commission (NPC) began placing importance on the role of youth since the Eighth National Plan. Similarly, in September 1995, for the first time, the Ministry of Youth, Sports and Culture was established. In 1995, a senior-level task force was formed under the leadership of educationist Kedar Bhakta Mathema to develop programs to coordinate and direct youth capacities.[1] The task force concluded that it was appropriate to define youth as those belonging to the 15 to 29-year-old age group. On this basis, the NPC discussed the issues of youth for the first time in the Ninth Five-Year National Plan (1997-2002).[2]

Within the state policy section of the 2007 Interim Constitution, the state instituted a provision for adherence to special rules to mobilize the youth workforce. Accordingly, a paragraph specifically for youth was included in the three-year interim plan. In 2008, the Government established a Ministry of Youth and Sports. Within three months of the ministry being established, a 23-person







# नेपालमा युवा नीति: इतिहासदेखि वर्तमानसम्म

■ ब्रबिमकुमार

## परिचय

नेपालमा नीति-निर्माण र योजनाबद्ध विकासको अभ्यास सुरु भएको लामो समयसम्म पनि राज्यले युवाका सरोकार सम्बोधन गर्ने यथोचित प्रयत्न गरेन । नेपालको संविधान, २०१९ ले युवक संगठनको परिकल्पना गरेको थियो । यसैगरी वि.सं. २०३४ मा तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्ले युवा क्रियाकलाप समिति पनि गठन गरेको थियो । पञ्चायती व्यवस्थाले वि.सं. २०२८ मा नयाँ शिक्षा लागू गरेपछि वि.सं. २०२९ देखि वि.सं. २०३६ सम्म राष्ट्रिय विकास सेवा नमुना कार्यक्रम सञ्चालन गरेको थियो । उक्त कार्यक्रमले त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई गाँउ-गाँउमा परिचालन गरी युवाको वैयक्तिक विकासका साथै राष्ट्रको विकासमा योगदान पुऱ्याउन भूमिका खेलेको थियो । तर, ग्रामीण क्षेत्रमा पञ्चायतविरोधी राजनीतिक चेतना फैलाउन मद्दत पुगेको आशङ्कामा राज्यले उक्त कार्यक्रम नै बन्द गरेको थियो ।

राष्ट्रिय योजना आयोगले आठौं योजनादेखि युवाको भूमिकालाई केही महत्व दिन थालेको देखिन्छ । यसैगरी युवाको सरोकार सम्बोधन गर्नका लागि वि.सं. २०५२ असोज ६ गते नेपालमा पहिलो पटक युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको स्थापना भयो । वि.सं. २०५२ मै युवा शक्ति परिचालन तथा समन्वय र निर्देशनका लागि उपयुक्त कार्यक्रम तयार गर्न शिक्षाविद् केदारभक्त माथेमाको अध्यक्षतामा एउटा उच्चस्तरीय कार्यदलको गठन भयो ।[१] उक्त कार्यदलले १५ देखि २९ वर्षको उमेर समूहलाई युवाको रूपमा परिभाषित गर्न उपयुक्त हुने निश्कर्ष निकाल्यो । यसैका आधारमा राष्ट्रिय योजना आयोगले नवौं पञ्चवर्षीय योजना (वि.सं. २०५४-वि.सं. २०५९)मा पहिलो पटक युवाबारे छुट्टै परिच्छेदमा चर्चा गरेको थियो ।[२]

नेपालको अन्तरिम संविधान, २०६३ को राज्यको नीति खण्डमा देश विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नियम अवलम्बन गर्ने व्यवस्था गऱ्यो । सोहीअनुरूप सरकारको तीनवर्षे अन्तरिम योजनामा पनि युवाका लागि छुट्टै परिच्छेदको व्यवस्था भयो । वि.सं. २०६५ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वको सरकारले छुट्टै युवा तथा खेलकुद मन्त्रालयको गठन गऱ्यो । उक्त मन्त्रालय गठन भएको तीन महिनामै २३ सदस्यीय राष्ट्रिय युवा नीति-मस्यौदा कार्यदलको गठन भयो । कार्यदलले

National Youth Policy drafting task force was formed. At the January 28, 2010 meeting of the Council of Ministers, the draft formulated by the task force was approved as national youth policy. In 2015, the Council of Ministers amended the policy to define youth as men, women as well as sexual and other minorities who were 16 to 40-years of age. The National Youth Council Act, 2015 also designates the 16 to 40 age group as youth.

### The Politics of Defining Youth

In 2010, an all-party political youth task force formed by the Ministry of Youth and Sport, voided the recommendation made by the task force formed under the coordination of Kedar Bhakta Mathema, that the 16 to 29-year-old demographic should be designated as youth and instead defined youth as those within the 16 to 40-year-old demographic. There are reasons for designating a particular age demographic as youth. Certain age demographics are defined as youth so that public investments can be better focused on them, and to make it easier to assess the dividends of that demographic's contribution. Yet, including the 16 to 40-year-old demographic within the youth designation makes it hard to ascertain which group the budget and programming should be focused on and to assess a return on those investments. In 2010, the Association of Youth Organizations Nepal (AYON) released a report by a task force formed under my coordination to better define the term 'youth'.

> **Certain age demographics are defined as youth so that public investments can be better focused on them, and to make it easier to assess the dividends of that demographic's contribution.**

Access to information technology as well as the expansion of health and education services has led to boys and girls, and young men and women growing up quickly. In amending its youth policy in 2014, India used this subject as the basis for amending its definition of youth – from the 16 to 35-year-old to the 16 to 29-year-old bracket. In the context of Nepal, the Youth Vision 2025 program, formed in 2015 under the chairmanship of Yogendra Shahi, recommended that youth be defined as those within the 16 to 30-year-old demographic and youth policy be updated accordingly based on this. Although the National Youth Council Act, 2015 defined youth as those in the 16 to 40-year-old demographic, it did not disclose the basis for choosing that age group.

### Issues in the Policy Making Process

The youth policy regime can be analyzed from several process-based and objective angles:





निर्माण गरेको राष्ट्रिय युवा नीतिको मस्यौदा वि.सं. २०६६ माघ १४ को मन्त्रिपरिषद्को बैठकले पारित गऱ्यो । यसलाई वि.सं. २०७२ मा मन्त्रिपरिषद्ले संशोधन गरी १६ देखि ४० वर्ष उमेर समूहका पुरूष, महिला र यौनिक तथा अल्पसंख्यकलाई युवाको रुपमा परिभाषित गरेको थियो । यसैको आधारमा संसदबाट पारित राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले पनि १६ देखि ४० वर्षका उमेर समूहलाई युवा मानेको छ ।

### युवा परिभाषामा राजनीति

केदारभक्त माथेमाको संयोजकत्वमा बनेको कार्यदलका साथै विभिन्न विज्ञ सहभागी अन्य कायर्दलले पनि १६ देखि २९ वर्ष उमेर समूहलाई युवाका रुपमा परिभाषित गर्नुपर्छ भन्ने प्रस्ताव गरेका थिए । तर, वि.सं. २०६६ मा युवा मन्त्रालयले गठन गरेको सर्वदलीय राजनीतिक युवा कार्यदलले यसलाई खारेज गरिदियो र १६ देखि ४० वर्ष उमेर समूहलाई युवाको रुपमा परिभाषित गऱ्यो । युवालाई एउटा उमेर समूहभित्र परिभाषित गर्नुको मुख्य उद्देश्य उमेरभित्रको समूहमा राज्यको लगानी निश्चित केन्द्रित गर्नु थियो भने उक्त समूहबाट प्राप्त गर्न सकिने योगदानको प्रतिफल मापन गर्न सहज बनाउनु पनि थियो । तर, १६ देखि ४० वर्षसम्मको उमेर समूहलाई युवामा समेट्दा कुन उमेर समूहलाई कार्यक्रम र बजेट केन्द्रित गर्ने र त्यसको प्रतिफल के आउँछ भनेर मापन गर्न समेत कठिन भएको छ ।

नेपाल युवा संस्था संजालले सन् २०१० मा मेरै संयोजकत्वमा बनेको कार्यदलले युवाको उमेर परिभाषित गनुपर्ने सुझावसहितको प्रतिवेदन सार्वजनिक गरेको थियो । सुचना प्रविधिको उपलब्धता, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रको भएको सेवा बिस्तार आदिका कारण हिजोआज किशोर किशोरी छिटै बयस्क र परिपक्व हुन्छन् । भारतले सन् २०१४ मा युवा नीति संशोधन गर्दा यिनै सवाललाई आधार मानी १६ देखि ३५ वर्ष उमेर समूहको परिभाषालाई १६ देखि २९ वर्ष बनाएको छ । नेपालको सर्न्दभमा वि.सं. २०७१/२०७२ मा योगेन्द्र शाहीको संयोजकत्वमा बनेको युथ भिजन २०२५ ले युवालाई १६-३० को उमेर समूहमा राखेर परिभाषित गरी युवा नीति परिमार्जन गर्न सिफारिस गरेको थियो । राष्ट्रिय युवा परिषद् ऐन, २०७२ ले १६ देखि ४० वर्षको उमेर समूहलाई युवाको रूपमा परिभाषित गरे पनि यसका आधार के हुन् भनेर खुलाएको छैन ।

> **युवालाई एउटा उमेर समूहभित्र परिभाषित गर्नुको मुख्य उद्देश्य उमेर भित्रको समूहमा राज्यको लगानी निश्चित केन्द्रित गर्नु थियो भने उक्त समूहबाट प्राप्त गर्न सकिने योगदानको प्रतिफल मापन गर्न सहज बनाउनु पनि थियो ।**

### नीति-निर्माण प्रक्रियाका सवाल

नेपालमा युवा नीतिमा उल्लेखित व्यवस्थालाई प्रक्रियागत तथा वस्तुगत कोणकोबाट पनि विश्लेषण गर्न सकिन्छ:

### लक्षित समूहको सहभागिताको प्रश्न

राजनीतिक दल र तिनको वरिपरि जोडिएका विज्ञ र विभिन्न स्वार्थ समूहहरुको गठजोडमा चलिरहेको शासनलाई लोकतन्त्र मान्नुपर्ने अवस्था छ । लोकतन्त्रको नाममा चलिरहेको

## The Participation of Target Groups

Under the umbrella of democracy, in Nepal, governance is a collusion between political parties, the so-called experts associated with them and various interest groups. This kind of factionalism has had a great effect on policy-making. In the context of youth policy making, there are two primary patterns: i) policies are drafted by consultants that are recommended by experts or donors close to political parties; ii) policies are developed through the collusion of civil servants and persons associated with organizations associated with political parties. In the context of youth policy making, these two trends seem to dominate. Among the 23 members of the 2008 Youth Policy Drafting task force, 18 were representatives of political youth and student organizations while only two were from CSOs. Similarly, all six members of the 2015 Youth Vision 2025 team were representatives of bodies linked to political parties. The makeup of the Youth Council structure, formed following the National Youth Council Act of 2015, is similar. The most unfortunate part of all these efforts is the fact that, in the act of making policy targeted at the youth, youth are neither widely consulted nor do they have direct participation in the process.

## A Lack of Study and Research

The study of youth issues is not a priority for the state. Few studies that have been carried out by CSOs have not been effective in influencing policy. Nepal has always had a pattern of developing policies and plans according to the desires and designs of some interest groups rather than on the basis of facts. This needs to end. In 1995, a task force under the coordination of Kedar Bhakta Mathema, was formed by a state initiative to research programs that are necessary for youth. Consisting of experts from various fields, the task force made important recommendations to the government, among which were the proposition that youth be defined as those belonging to the 16 to 29 years old demographic and the exhortation that youth targeted work begin immediately. However, the government showed no interest in the report, nor in the implementation of its recommendations. Furthermore, the report can no longer be found, even at the Ministry of Youth. Similarly, an action plan was developed in 2009 by the NPC, AYON and ILO, and in 2011, AYON and the Central Bureau of Statistics organized a study concerning youth in the census. However, the state has failed to give much importance to the recommendations made by these initiatives.

**“Only policies, plans and programs developed on the basis of a wide-ranging study with youth at their center will transform the cycle of poverty.”**

## A Lack of Resources, Structures and Capacities

The State has not made investments in addressing the multi-dimensional issues of the youth or to robustly mobilize the youth in nation-building. Whether it is the





दलतन्त्र वा गुटतन्त्रको नीति-निर्माण प्रक्रियामा जबरजस्त प्रभाव रहँदै आएको छ । नेपालमा युवा नीतिका सर्न्दभमा मूलतः दुईओटा प्रवृत्ति देखिन्छन् । एक, दल निकटका विज्ञ वा दाताको सिफारिसमा परामर्शदाताले नीति तयार पार्ने प्रवृत्ति । र, दुई, दलका विभिन्न भातृसंठनमा सम्बद्ध व्यक्ति र कर्मचारी प्रशासनको मिलिभगतमा नीति बनाइने प्रवृत्ति । युवा नीति-निर्माणका सर्न्दभमा पनि यी दुवै प्रवृत्ति हावी भएको देखिन्छ । वि.सं. २०६६ मा गठित २३ सदस्यीय युवा नीति मस्यौदा कार्यदलमा १८ जना राजनीतिक युवा तथा विद्यार्थी संगठनका सदस्य थिए भने २ जना मात्रै गैरसरकारी संस्थाका प्रतिनिधि सहभागी थिए । त्यसैगरि वि.सं. २०७२ मा बनेको युथ भिजन २०२५ का लागि गठित कार्यदलमा पनि ६ सदस्यमध्ये राजनीतिक दलकै भातृसंस्थाका प्रतिनिधि सहभागी थिए । यसैगरी, युवा परिषद् ऐन पश्चात बनेको युवा परिषद्को संरचनाको हबिगत पनि यस्तै छ । यी सबै प्रयत्नको एउटा दुःखद पाटो के छ भने युवाका लागि बनेका नीति-निर्माण प्रक्रियामा युवासँग बृहत परार्मश तथा छलफल हुने गरेका छैनन् वा आम युवाको प्रत्यक्ष सहभागीता भएको छैन ।

## अध्ययन अनुसन्धानको अभाव

नेपाली युवाका मुख्य चासो, समस्या, आकांक्षा र चुनौतीबारे अध्ययन-अनुसन्धान राज्यको प्राथमिकतामा परेको छैन । गैरसरकारी क्षेत्रबाट भएका केही सीमित अध्ययनले नीतिगत हस्तक्षेप गर्न सकेका छैनन् । नेपालमा तथ्यका आधारमा नीति तथा कार्यक्रम बन्ने भन्दा पनि कुनै स्वार्थ समूहको योजना र इच्छाअनुरूप नीति र योजना बन्दै आइरहेका छन् । यस्तो प्रवृत्तिको अन्त्य हुनुपर्छ । राज्यको पहलमा वि.सं. २०५२ मा डा. केदारभक्त माथेमाको संयोजकत्वमा गठन भएको कार्यदलले युवाका लागि कस्ता कार्यक्रम आवश्यक छन् भन्ने सवालमा अध्ययनका गरेको थियो । विभिन्न क्षेत्रका विज्ञहरूको संलग्नतामा बनेको सो कार्यदलले सरकारलाई निकै नै गहन र महत्वपूर्ण सुझाब दिएको थियो । तर, सरकारले उक्त अध्ययन प्रतिवेदनका सुझाबलाई कार्यान्वयन गर्न चासो देखाएन । दुःखको कुरा उक्त प्रतिवेदन आजभोलि युवा मन्त्रालयमा समेत फेला पार्न सकिँदैन । यसैगरि राष्ट्रिय योजना आयोग, आयोन, अन्तराष्ट्रिय श्रम संगठन (आईएलओ)को संयुक्त प्रयासमा सन् २००९ मा युवा रोजगार कार्ययोजना बन्यो । सन् २०११ मा आयोन र केन्द्रिय तथ्याङ्क विभागको सहकार्यमा राष्ट्रिय जनगणनामा युवा नामक अध्ययन भयो । तर, यी अध्ययन प्रतिवेदनका सुझाबलाई पनि राज्यले खासै महत्व दिएन ।

**“युवालाई केन्द्रमा राखेर निर्माण गरिने नीति, योजना र कार्यक्रमले मात्रै युवाको सहभागिता र नेतृत्वको दीगो विकासको यात्राले सफलता पाउन सक्छ ।”**

## स्रोत, संरचना र क्षमताको अभाव

युवाका बहु-आयामिक सवाललाई सम्बोधन गर्न र देश निर्माणमा सशक्त युवा परिचालन गर्न राज्यले पर्याप्त लगानी गरेको छैन । युवा तथा खेलकुद मन्त्रालय होस् वा अन्य संरचना ती सँधैजसो स्रोतको अभावमा सञ्चालित हुनुपर्ने बाध्यता छ ।

## युवा नीति र सरकारी प्राथमिकताबीचको विरोधाभाष

नेपालमा युवा नीति कार्यान्वयनका लागि युवा मन्त्रालय, युवा र खेलकुद परिषद् छन् । तर, युवा नीतिमा उल्लेख गरिएका शिक्षा, स्वास्थ्य, रोजगारी, प्राविधिक शिक्षा, मनोसामाजिक आदि सवाल कार्यान्वयन गर्ने विभिन्न मन्त्रालय, विभाग तथा निकायले पनि युवाका सरोकारलाई पर्याप्त ध्यान दिएका छैनन् । उद्योग मन्त्रालय, श्रम मन्त्रालयका कतिपय

Ministry of Youth or some other structure, institutions are forced to operate under a deficit of resources.

## Contradiction between Youth Policy and Government Priorities

Nepal has a youth policy with the Ministry of Youth and Sports and Sports Councils existing to implement these policies. However, even the various ministries, departments and agencies tasked with addressing the issues mentioned in the youth policy (education, health, employment, technical education, psychosocial status, etc.) are neglecting the concerns of youth. Even ignoring many existing programs in the Ministries of Industry, Commerce and Supplies, and Labor, Employment and Social Security, the Prime Ministerial Employment Program was established. Yet, this program was conducted in such a way that, on the whole, it only benefited political operatives directly associated with the party. Additionally, no efforts are being made to bring all youth related programs under one umbrella and facilitate cooperation. Therefore, to better address the issues raised in the implementation of the youth policy, there is a need for a robust role for an agency that can prioritize and facilitate youth programming.

## Youth Policy after Federalism

With the implementation of federalism, provincial and local governments can now pass acts and laws to address the issues affecting youth. Similarly, they can develop youth centered policies and programs. Therefore, to address these issues at the local level, provincial and local governments should develop and implement action plans with the meaningful participation from youth. Municipalities can establish and run youth development centers at the neighborhood or village levels, which will help bring about an overall development in the status of youth.

## Demographic Dividends and Vanishing Opportunities

According to the German sociologist Gunnar Hanson, if the 15 – 29-year-old demographic make up more than 25 percent of the population, then this is called a 'youth bulge' or a demographic dividend. According to him, if the 15 – 29-year-old demographic is larger than other groups then youth get into a mutual competition for identity, status, or opportunities, which can lead to conflict. A 2008 piece of research shows that among the 40 nations with a youth bulge that it studied, 98 percent had some sort of internal conflict. The proportion of this demographic in Nepal is over 27.8 percent of the population. And the proportion of the under 15 years old demographic is 34.9 percent.[3] Therefore, it is easy to estimate that the youth population is going to be over 30 percent over the next decade. If the 16 to 40-year-old demographic is to be





कार्यक्रमलाई छायाँमा पार्दै प्रधानमन्त्री रोजगार कार्यक्रमको सुरुआत भएको छ । समग्रमा त्यो कार्यक्रम पनि दलसँग प्रत्यक्ष जोडिएका कार्यकर्तालाई फाइदा पुग्ने गरी मात्रै सञ्चालन गरिएको छ । यस्तै युवासँग सम्बन्धित कार्यक्रमलाई एउटै छाताभित्र राखी समन्वय र सहजीकरण गर्ने काम हुन सकिरहेको छैन । त्यसैले युवा नीतिमा भएका सवालको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रममा प्राथमिकता निर्धारण र सहजीकरण गर्ने निकायको सशक्त भूमिकाको खाँचो छ ।

## संघीयतापछि युवा नीति

संघीयताको कार्यान्वयनसँगै प्रदेश र स्थानीय सरकारले पनि युवाका समस्या र आकांक्षालाई सम्बोधन गर्ने गरी ऐन र कानुन बनाउन सक्छन् । त्यसैगरी युवा केन्द्रित नीति र कार्यक्रम पनि बनाउन सक्छन् । त्यसैले युवाका सवाल, आकांक्षा, चुनौती र समस्यालाई स्थानीय तहमै सम्बोधन गर्न प्रदेश तथा स्थानिय सरकारले युवाको सहभागितामा कार्ययोजना निर्माण गरी लागू गर्नुपर्ने हुन्छ । स्थानीय सरकारले टोल तथा गाउँस्तरमा युवा विकास केन्द्र स्थापना र सञ्चालन गर्न सक्छ, जसले युवाको समग्र विकासमा मद्दत पुऱ्याउन सक्छ ।

## जनसांख्यिक लाभांश र गुम्दै गएको अवसर

जर्मन समाजशास्त्री गुनार हेन्सनका अनुसार कुनै पनि देशको जनसंख्याको ढाचाँमा १५ देखि २९ वर्षको उमेर समूहका नागरिक कूल जनसंख्याको २५ प्रतिशतभन्दा बढी भयो भने त्यसलाई युवा उभार (युथ बल्ज) वा जनसांख्यिक लाभांश (डेमोग्राफिक डिभिडेण्ड) भन्ने गरिन्छ । हेन्सनले यो अवधारणाको प्रयोग सन् १९९० को मध्यतिर गरेका थिए । उनका अनुसार कुनै पनि देशमा १५ देखि २९ वर्ष उमेर समूहको संख्या अन्य समूहभन्दा धेरै भएको अवस्थामा युवाहरूले आफ्नो पहिचान, प्रतिष्ठा, अवसरको लागि प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ, जसले द्वन्द्व पनि बढाउन सक्छ । सन् २००८ मा भएको एक अध्ययनअनुसार युथ बल्ज भएका ४० मुलुकमध्ये ९८ प्रतिशत देशमा आन्तरिक द्वन्द्व भएको देखाएको थियो । नेपालमा पनि अहिले यो उमेर समूहको जनसंख्या २७.८ प्रतिशतभन्दा बढी छ । नेपालमा १५ वर्ष उमेरभन्दा कम समूहको जनसंख्या ३४.९ प्रतिशत छ ।[३] त्यसैले युवा जनसंख्या आगामी दशकमा ३० प्रतिशतभन्दा माथि पुग्ने सहजै अनुमान गर्न सकिन्छ । १६ देखि ४० वर्ष उमेर समूहलाई हेर्दा यो संख्या कूल जनसंख्याको ४०.३५ प्रतिशत हुन आउँछ र आउने दशकमा यो प्रतिशत अझैं बढ्ने निश्चित छ ।[४]

नेपालमा पनि शिक्षित बेरोजगारको संख्या बढिरहेको छ । एकातिर शिक्षित युवाले रोजगारी र अवसरका आकांक्षा बोकेका छन् तर सरकारी तवरबाट यो समूहको आकांक्षालाई सम्बोधन गर्ने खास नीतिगत प्रयत्न भएको छैन । अर्कोतिर, अर्ध-शिक्षित वा अशिक्षित युवाका आकांक्षा र आफ्नै व्यवसाय सुरु गर्न चाहने युवाका लागि स्पष्ट नीतिगत व्यवस्था नहुँदा आज पनि हजारौं युवाहरू रोजगारीको प्रमुख गन्तव्य मानिने वैदेशिक रोजगारीमा जान बाध्य छन् । यदि श्रम-बजारमा वार्षिक भित्रिने करीब साढें पाँचलाख युवा बेरोजगारको चपेटामा निरन्तर परिरहने हो भने यसले ठूलो द्वन्द्व निम्त्याउन सक्छ । अर्थशास्त्री जस्टिल लिनले 'युथ बल्ज विकासशील देशमा जनसांख्यिक बोनस र जनसांख्यिक बम' शीर्षकको लेखमा लेखेका छन्, "व्यापक युवा जनसंख्या भएका विकासशील मुलुकमा युवाले उचित अवसर, सम्मानित श्रम र सन्तोषजनक आय गर्न सकेनन् भने युवा उभार जनसांख्यिक लाभांश होइन, जनसांख्यिक

considered, then the proportion of youth in Nepal is 40.35 percent and is sure to increase as well.[4]

While the educated and unemployed are increasing in number, there are no specific policy efforts to employ educated youth nor are there policies to tackle aspirations of semi-educated, illiterate youth and those who want to start up their own business. Hence, thousands of youth are choosing to go abroad to find suitable work. Likewise, the number of the educated unemployed is rising. Many youths are involved in migrant work abroad. If the 550,000 youth who enter the labor market every year are to perpetually be under the grips of unemployment, it could bring about conflict. The economist Justin Lin notes that "if a large cohort of young people cannot find employment and earn satisfactory income, the youth bulge will become a demographic bomb, because a large mass of frustrated youth is likely to become a potential source of social and political instability."

## Conclusion

The global recession has brought about a sense of negativity and pessimism in youth towards the prevailing economic system. Consequently, the UN took various steps to understand the attitudes and ambitions of youth. Under this effort, the ILO categorized youth not involved in employment, education or training as NEET (Not in Employment, Education or Training) and began a study. According to a 2017 study, Nepal's proportion of this demographic is fifth highest among nations. For Nepal, to lose this 'golden opportunity' for a future demographic dividend is to invite conflict and instability and to push Nepal backwards. Though those youth who migrate abroad every year, this strategy cannot move the country forward on the path to sustainable development. Only policies, plans and programs developed on the basis of a wide-ranging study with youth at their center will transform the cycle of poverty.

---

## Endnotes

1. The report was submitted to Ministry of Youth, Sports and Culture by the high-level task force led by Kedar Bhakta Mathema in 1997.
2. The Ninth Plan of the National Planning Commission, 1997M http://npc.gov.np/en/plans-programs/detail.php?titleid=17
3. ILO, 2014.
4. Ministry of Youth and Sports, 2014.





बममा परिणत हुनसक्छ । जहाँ असन्तुष्ट युवा शक्ति सामाजिक र राजनीतिक अस्थिरताको स्रोत र कारक दुवै बन्न सक्छन् ।"

## निष्कर्ष

विश्वव्यापीरूपमा चलेको आर्थिक मन्दीको लहर र सोही कारण करौडौं युवाले रोजगारी गुमाएपछि नयाँ रोजगारीको सीमितताका कारण युवालाई अहिले चलिरेको व्यवस्थाप्रति नैरश्यता र नकारात्मक सोंच पैदा हुन थालेको छ । युवाको मनोवृत्ति र आकांक्षालाई मध्यनजर गर्दै ती सवालको समाधानका लागि संयुक्त राष्ट्रसंघले विभिन्न कदम चाल्यो । यसै प्रयासअन्तर्गत अन्तर्राष्ट्रिय श्रम संगठनले रोजगारी, शिक्षा वा तालिमजस्ता क्षेत्रमा असंलग्न युवा जमातलाई अंग्रेजीमा नीट (नट इन इम्प्लोयमेन्ट, एजुकेसन एण्ड ट्रेनिङ्) भनेर परिभाषित गरि अध्ययन सुरु गर्‍यो । नीट भन्नाले रोजगारीमा नअटाएको, शिक्षाबाट बञ्चित भएको र कुनै पनि तालिम नलिइ खाली बसेको युवाको अनुपात हो । सन् २०१७ को अध्ययनअनुसार नेपालमा यस्तो जनसंख्याको अनुपात अति उच्च रहेका मुलुकमध्ये पाँचौं स्थानमा पर्दछ । नेपालले जनसांख्यिक लाभांशको यस्तो सुनौलो अवसर गुमाउनु भनेको एउटा अर्को अर्थमा द्वन्द्व, अस्थिरता र पछौटेपनतर्फ देशलाई घकेल्नु हो । यस्ता युवालाई वार्षिकरूपमा बाहिर पठाएर देश दीगो आर्थिक विकासको बाटोमा अगाडि बढ्न सक्दैन । युवालाई केन्द्रमा राखेर निर्माण गरिने नीति, योजना र कार्यक्रमले मात्रै युवाको सहभागिता र नेतृत्वको दीगो विकासको यात्राले सफलता पाउन सक्छ ।

---

## पाद टिप्पणी

१ केदार भक्त माथेमा नेतृत्वको उच्चस्तरीय कार्यदलले वि.सं. २०५३ मा युवा खेलकूद तथा संस्कृति मन्त्रालय समक्ष प्रस्तुत गरेको प्रतिवेदन ।

२ राष्ट्रिय योजना आयोग (वि.सं. २०५३)को नवौं योजना । यो योजना यस लिङ्कमा हेर्न सकिन्छः http://npc.gov.np/en/plans-programs/detail.php?titleid=17

३ आइएलओ, सन् २०१४ ।

४ युवा तथा खेलकुद मन्त्रालय, सन् २०१४ ।

# Right to Gender Identity: Legal Provisions and Their Effects

■ Rukshana Kapali

The international media often portrays Nepal as a country with progressive legal provisions regarding LGBTQI+ (Lesbian, Gay, Bisexual, Transgender, Queer and Intersex) individuals.[1] Nearly every news coverage related to LGBTQI+ in Nepal makes such a statement. The terminology LGBTQI+, frequently used in the English language, denotes certain identities of sexual orientation, gender identity and sex characteristics. This essay, however, focuses on gender identity. While Nepal's LGBTQI+ laws are often portrayed as progressive, the reality is very different. Transgender and non-binary individuals are subjected to discrimination, exclusion and various other forms of indignity not only in the social sphere, but also from the state.

The word *'linga'* has been in use in the Nepali language, which does not differentiate between 'sex' and 'gender'. The feminist movement introduced the practice of referring 'sex' as 'biological *linga*' and 'gender' as 'social *linga*'. Currently, the term '*linga'* is used to refer to 'sex' and 'gender' is referred as *'laingikta'*. Until the end of the twentieth century, these terms were used interchangeably. People believed that all humans had one of the two sexes and their sex determined their gender. Yet, this binary concept excluded persons of diverse gender identities. Accordingly, such individuals were subjected to discrimination and violence. Therefore, the ones who had been pushed into exclusion began to deconstruct the traditional binary notion of gender, and develop an inclusive concept to accommodate persons of all gender identities.

Persons with sex characteristics that include reproductive organs, genitalia and chromosomes, which do not fit within the traditional notions of male or female bodies, are intersex people. There are some 40 different intersex bodily variations, and some examples are persons with ambiguous genitalia - those with both penis and vagina, those who have vulva and vagina as external genitalia and also have





# लैङ्गिक पहिचानको अधिकारः कानुनी व्यवस्था र प्रभाव

■ रुक्शना कपाली

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले नेपाललाई एलजीबीटीआइ (समयौनिक, द्वियौनिक, पारलैङ्गिक, तथा अन्तरलिङ्गी व्यक्ति)को सवालमा प्रगतिशील कानुनी व्यवस्था भएको देशको रूपमा चित्रण गरेको पाइन्छ ।[१] नेपाल र एलजिबिटीआइसँग सम्बन्धित सबैजसो समाचारमा यसरी नै प्रकाशित हुने गरेका छन् । अंग्रेजीमा अत्याधिक प्रयोग हुने शब्द 'एलजिबिटीआइ'ले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका केही पहिचानलाई सम्बोधन गर्छ । यो लेख भने लैङ्गिक पहिचानको विषयमा मात्रै केन्द्रित छ । नेपाललाई एलजीबीटीआइको कानुनी अधिकारका सम्बन्धमा सञ्चारमाध्यमले प्रगतिशील भनेर चित्रण गरे पनि वास्तविकता भने धेरै फरक छ । पारलैङ्गिक तथा गैर-द्वयसाङ्खिक लैङ्गिक पहिचानका व्यक्तिहरु सामाजिकरूपमा मात्रै होइन, राज्य, कानुन तथा नीतिगतरूपमै विभेद, बहिष्करणका साथै विभिन्न किसिमका लाञ्छना भोग्न बाध्य छन् ।

नेपाली भाषामा लामो समयदेखि 'लिङ्ग' शब्दको प्रयोग हुँदै आएको छ । अंग्रेजीमा जस्तै 'सेक्स' र 'जेण्डर' भन्ने भिन्नता थिएन । नेपालमा महिलावादी आन्दोलनको विकाससँगै 'सेक्स'लाई 'जैविक लिङ्ग' र 'जेण्डर'लाई 'सामाजिक लिङ्ग' भन्ने प्रचलन सुरु गरियो । त्यसपछि 'सेक्स'लाई 'लिङ्ग' मात्र भनियो भने 'जेण्डर'लाई 'लैङ्गिकता' भन्ने अर्थमा प्रयोग गर्न सुरु भयो । २० औँ शताब्दीतिरसम्म पनि 'सेक्स' र 'जेण्डर'लाई पर्यायवाची शब्दको रूपमा प्रयोग गरिन्थ्यो । 'लिङ्ग' र 'लैङ्गिकता'लाई परस्पर रूपमा दुई थरी यौनाङ्ग भएका मानव जन्मिन्छन् र सोही आधारमा व्यक्तिको लैङ्गिकता निर्धारण गर्ने गरिन्थ्यो । यो द्वयसाङ्खिक (बाइनेरी) अवधारणाले लामो समयसम्म विभिन्न लैङ्गिक पहिचान भएका व्यक्तिलाई बहिष्करणमा पार्दै आयो । बहिष्करणमा पारिएका यस्ता व्यक्तिलाई लाञ्छना लगाइयो भने विभेद र हिंसा गरियो । तसर्थ यी बहिष्करणमा पारिएका समुदायले 'लिङ्ग'बारे परम्परागतरूपमा रहेको त्यस्ता अवधारणाको खण्डन गर्दै क्रमशः यी बहिष्कृत लैङ्गिकताका व्यक्तिहरु पनि समावेश हुने अवधारणाको विकास हुँदै आएको पाइन्छ ।

हाम्रो समाजमा कुनै बच्चाको जन्म हुँदा दुई थरीको अङ्ग लिएर जन्मन्छन् भन्ने मान्यताबाहेक पनि विविध प्रकारका प्रजनन ग्रन्थी, यौनाङ्ग एवं गुणसुत्र (क्रोमोजोम) भएका व्यक्तिहरु हुन्छन् । ती व्यक्ति अन्तरलिङ्गी व्यक्ति हुन् । अस्पष्ट यौनाङ्ग भएका, शिश्न र योनी दुवै यौनाङ्ग भएका, बाहिरी यौनाङ्ग योनी र आन्तरिक अण्डकोष भएका, बाहिरी

internal testes, and those whose external genitalia are penises and have internal uteruses, etc.

While sex is not binary, the gender determined on the basis of sex cannot apply uniformly to all persons. At the moment of birth, infants are assigned as male if they have a penis and females if they have a vagina. Not all intersex variations are visible at the moment of birth. However, usually parents bring up children with ambiguous genitalia as either a boy or a girl, according to their choice. This is called 'gender assigned at birth'. Gender identity is understood as an individual's innate sense of their gender. If a person's gender identity is the same as their gender assigned at birth, they are referred as 'cisgender'. If a person's gender identity is different from their gender assigned at birth, they are referred as 'transgender'.

The term 'cis man' refers to someone who was assigned male at birth and their gender identity is male, while the term 'cis woman' refers to someone who was assigned female at birth and their gender identity is female. Similarly, 'trans woman' is someone who was assigned male at birth and their gender identity is female, while 'trans man' is someone who was assigned female at birth and their gender identity is male. Many individuals have gender identities that do not conform to the two categories of male and female – which is referred to as 'non-binary'. The term 'third gender' is also in use in Nepal. However, the term is now widely seen as offensive or derogatory. Similarly, intersex individuals may have gender identities as male, female or non-binary.

> **If a person's gender identity is the same as their gender assigned at birth, they are referred as 'cisgender'. If a person's gender identity is different from their gender assigned at birth, they are referred as 'transgender'.**

The Supreme Court issued a verdict in 2007 after Sunil Babu Pant filed a writ petition at the court. That verdict appears to have created an entry-point for the issue of gender identity into the legal arena. Therefore, this essay aims to analyze the legal provisions created since the transformation of the state of Nepali into a republic.

The Court verdict talks about sexual orientation and gender identity. However, the verdict was primarily concerned with the issue of 'third gender'. The verdict accepts a 'third' gender, beside the male and the female genders and provided the foundation for the legal basis for 'third gender' persons. Based on this, in 2012, the Ministry of Home Affairs issued directives relating to issue citizenship mentioning 'others' in the column of gender to persons of sexual and gender minority community. In 2014, the Court dismissed a writ petition filed by Dilu Buduja against the government, also issuing a directive order against the defendant to issue a passport with the third gender identity in line with the demand of the petition. Similarly, in 2017, ruling upon a writ petition filed by Aanik Rana, the Court declared that a person had the right to self-determination regarding their gender





यौनाङ्ग शिश्न र आन्तरिक पाठेघर हुने व्यक्तिलगायत अन्तरलिङ्गी व्यक्तिहरूको ४० किसिमका विविधता रहेको पाइन्छ ।

लिङ्ग आफैंमा पनि द्वयसाङ्खिक होइन भने लिङ्गको आधारमा गरिने लैङ्गिकताको निर्धारण सबैका लागि समानरूपमा लागू हुँदैन । कुनै शिशु जन्मिने बित्तिकै उसको यौनाङ्ग शिश्न भएमा उसलाई केटा वा पुरूष र योनी भएमा उसलाई केटी वा महिला भनी निर्धारण गरिन्छ । सबै प्रकृतिका अन्तरलिङ्गी विविधता जन्मिने बित्तिकै देख्न सकिँदैन । तर, दुवै यौनाङ्ग वा अस्पष्ट यौनाङ्ग भएको अवस्थामा भने अभिभावकले आ फ्नो इच्छाअनुसार केटा वा केटी भनेर हुर्काउने गरेको पाइन्छ । यसलाई 'जन्मँदा इङ्गित गरिएको लैङ्गिकता' भनिन्छ । 'लैङ्गिक पहिचान' व्यक्तिको स्वःअनुभूतिको लैङ्गिकताहो । यदि कुनै व्यक्तिको लैङ्गिक पहिचान उसलाई जन्मँदा इङ्गित गरिएको लैङ्गिकताअनुरूप नै भएको अवस्थामा त्यस्ता व्यक्तिलाई 'त्याचलैङ्गिक व्यक्ति'को अर्थमा बुझिन्छ भने कुनै व्यक्तिको जन्मँदा इङ्गित गरिएको लैङ्गिकता भन्दा फरक लैङ्गिक पहिचान भएको अवस्थामा त्यस्ता व्यक्तिलाई 'पारलैङ्गिक व्यक्ति'का रूपमा बुझिन्छ ।

जन्मँदा पुलिङ्गी इङ्गित गरिएको र लैङ्गिक पहिचान पनि पुरूष हुँदा 'त्याचलैङ्गिक पुरूष' र जन्मँदा स्त्रीलिङ्गी इङ्गित गरिएको र लैङ्गिक पहिचान पनि महिला हुँदा 'त्याचलैङ्गिक महिला' भनिन्छ । यसैगरी जन्मिँदा पुलिङ्गी इङ्गित गरिएका र लैङ्गिक पहिचान महिला हुँदा 'पारलैङ्गिक महिला' र जन्मँदा स्त्रीलिङ्गी इङ्गित गरिएका र लैङ्गिक पहिचान पुरूष हुँदा 'पारलैङ्गिक पुरूष' भनिन्छ । कतिपय व्यक्तिको लैङ्गिक पहिचान महिला र पुरूषबाहेक पनि हुने गर्दछ, जसलाई 'गैर-द्वयसाङ्खिक' भन्ने गरिन्छ । नेपालमा 'तेस्रो लैङ्गिक' भन्ने शब्द पनि प्रचलनमा छ । तर, महिला र पुरूष बाहेकको लैङ्गिक पहिचान भएका सबै व्यक्तिले यो शब्दावली रूचाउँछन् भन्ने छैन । त्यसैगरी अन्तरलिङ्गी विविधताका व्यक्तिको पनि लैङ्गिक पहिचान पुरूष, महिला वा गैर-द्वयसाङ्खिक हुने गर्दछ ।

> **यदि कुनै व्यक्तिको लैङ्गिक पहिचान उसलाई जन्मँदा इङ्गित गरिएको लैङ्गिकताअनुरूप नै भएको अवस्थामा त्यस्ता व्यक्तिलाई 'त्याचलैङ्गिक व्यक्ति'को अर्थमा बुझिन्छ भने कुनै व्यक्तिको जन्मँदा इङ्गित गरिएको लैङ्गिकता भन्दा फरक लैङ्गिक पहिचान भएको अवस्थामा त्यस्ता व्यक्तिलाई 'पारलैङ्गिक व्यक्ति'का रूपमा बुझिन्छ ।**

नेपालको कानुनी इतिहास हेर्दा सन् २००७ मा सुनिल बाबु पन्तले सर्वोच्च अदालतमा रिट दायर गरेपछि अदालतले एउटा फैसला गर्‍यो । उक्त फैसलापछि लैङ्गिक पहिचानको विषय कानुनी क्षेत्रमा प्रवेश गरेको देखिन्छ । यो लेखमा विशेषगरी नेपाल लोकतान्त्रिक गणतन्त्रात्मक संरचनामा रूपान्तरित भएपछि निर्माण भएका कानुनी व्यवस्थालाई विश्लेषण गरिएको छ ।

सर्वोच्च अदालतले गरेको उक्त फैसलामा यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताको कुरा उल्लेख गरिएको छ । तथापि, उक्त फैसला लैङ्गिक पहिचानको दृष्टिले मुख्यतः तेस्रो लैङ्गिक व्यक्तिहरूका विषयवस्तुमा केन्द्रित थियो । यो फैसलाले महिला र पुरूषबाहेक 'तेस्रो' लैङ्गिक व्यक्ति पनि हुन्छन् भन्ने कुरा किटान गर्‍यो । उक्त फैसलाले यस्ता व्यक्तिको कानुनी अधिकार स्थापित गर्ने आधार पनि तयार गरिदियो । यही फैसलाको जगमा सन् २०१२ मा गृह मन्त्रालयले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिलाई लिङ्गको महलमा 'अन्य' बिकल्प पनि थप्न लगाई नागरिकता जारी गर्ने सम्बन्धी निर्देशिका, २०६९ जारी गर्‍यो । सन् २०१४ मा डिलु बुदुजा विरूद्ध नेपाल सरकारको रीट निवेदन सर्वोच्च अदालतले खारेज गर्‍यो । यद्यपि, अदालतले रीट निवेदनको मागबमोजिम तेस्रो लैङ्गिक पहिचानसहितको राहदानी जारी गर्न विपक्षीको नाउँमा

identity. All of these court rulings can be seen as significant with regard to third gender individuals.

The Council of Ministers amended the gender designation in the citizenship certificates for Caitlin Panta in 2012, and again in 2021 for Bhumika Shrestha. Information obtained from the Ministry of Home Affairs (through a Right to Information inquiry) shows that the gender designations in citizenship certificates of 10 persons have been amended. However, it appears that such amendments have been made only for individuals who have undergone reassignment surgery. To date, only individuals with medical certificates for such surgeries appear to have been granted this right. Not everyone has been able to amend their citizenship certificates according to their gender identity as provided for by the Court verdict.

Article 12 of the Constitution guarantees citizenship on the basis of descent with gender identity. Article 18 and Article 42 mention the terminology 'gender and sexual minority'. Yet, the definition of who is seen as a gender or sexual minority is not mentioned. Legally, it is imperative to carry out the birth registration within 30 days of a child's birth. This registration requires the mention of the name and gender of the child. Children are enrolled into schools based on this registration, and their educational records are maintained accordingly. Citizenship certificates are also issued on the basis of these records, which form the basis for voter identification cards, passports, and bank accounts.

**"The gender identity discourse has been limited to third-gender individuals, because of which the issues of transgender, non-binary and intersex individuals have been pushed into obscurity."**

This demonstrates that people's documentation reflects their gender assigned at birth. While this does not affect cisgender persons, it does affect transgender, non-binary, third-gender and some intersex persons. Therefore, the issue of whether the gender marker can be amended to reflect an individual's gender identity becomes a legal question.

With regard to the citizenship certificate, Clause 17 of the Nepal Citizenship Act, 2006, provides for any individual to correct minor errors on their citizenship certificate. Clause 25 of the National Identity and Civil Registration Act, 2019, provides for applications to be made to the concerned municipality by persons seeking to correct the name of a child, their family name, age, etc. However, neither law includes provisions for an individual to amend their name or gender details. Therefore, these laws cannot address the issue of gender identity.

In 1960, the legal provision for a person to correct their age, name and caste-name or family name was established. However, with regard to educational certificates, neither the Basic Level Examination Operation and Verification Standards 2019 for grade 8 certificates, Secondary Education Pass Examination Operation and Management Directive 2011 for grade 10 exams nor the Higher





निर्देशनात्मक आदेश जारी गऱ्यो । त्यसैगरी सन् २०१७ मा आनिक रानाले दिएको रिट निवेदनमाथि फैसला गर्दै सर्वोच्च अदालतले व्यक्तिको लैङ्गिक पहिचानमा निजको आत्मनिर्णयको अधिकार हुने फैसला गऱ्यो । यसले कुनै व्यक्तिले आफूलाई कसरी पहिचान गराउने भन्ने कुरा व्यक्तिको स्वःअनुभूतिअनुसार हुने नजीर स्थापित भयो । लैङ्गिक पहिचानको विषयवस्तुमा सर्वोच्च अदालतले गरेका यी तीन फैसला तेस्रो लैङ्गिक व्यक्तिको पहिचानका हकमा निकै महत्वपूर्ण छन् ।

यसैगरी सन् २०१२ मा केटलीन पन्त र सन् २०२१ मा भूमिका श्रेष्ठलाई मन्त्रीपरिषद्ले लिङ्गको महल संशोधन गरि नागरिकता प्रमाण-पत्र प्रदान गरेको समाचार बाहिर आएको थियो । सूचनाको हकको प्रयोग गरी गृह मन्त्रालयसँग सूचना माग गर्दा मन्त्रीपरिषद्को निर्णयले अहिलेसम्म १० जनाको नागरिकतामा लिङ्गको महल संशोधन भएको देखिन्छ । तर, यस्तो नागरिकता संशोधन केबल शल्यक्रिया गरी यौनाङ्ग पुनःनिर्माण गरेका व्यक्तिका लागि मात्रै गरेको देखिन्छ । अहिलेसम्मको अभ्यास हेर्दा शल्यक्रियाको चिकित्सकीय प्रमाण-पत्र भएका व्यक्तिले मात्रै यस्तो अधिकार प्राप्त गरेका छन् । नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधयकमा पनि यस्तै 'चिकित्सकीय प्रमाण' पेश गर्नुपर्ने प्रावधान अघि सारिएको छ । सर्वोच्च अदालतले गरेको फैसलाबमोजिम व्यक्तिको स्वःअनुभूतिअनुरूप नागरिकता संशोधन गर्न भने सबैले पाएका छैनन् ।

नेपालको संविधान, २०७२ को धारा १२ ले वंशीय आधारमा लैङ्गिक पहिचानसहितको नागरिकताको अधिकार सुनिश्चित गरेको छ । यसैगरी धारा १८ र ४२ मा 'लैङ्गिक तथा यौनिक अल्पसंख्यक' शब्दावलीको प्रयोग भएको छ । तर, संविधानमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक को हुन् भन्ने औपचारिक परिभाषा कतै पनि गरिएको छैन । कानुनसम्बन्धी व्यवस्था हेर्दा बच्चा जन्मिएको ३० दिनभित्र जन्मदर्ता गराउनुपर्छ । यसरी जन्मदर्ता गर्दा बच्चाको नाम र लिङ्ग पनि उल्लेख गर्नुपर्छ । सोही जन्मदर्ताको आधारमा विद्यालयमा भर्ना गरिन्छ र विद्यालयको अभिलेख राखिन्छ । विद्यालयको सोही भर्नाका आधारमा परीक्षा फारम भरिन्छ र त्यसैको आधारमा शैक्षिक प्रमाण-पत्र बन्ने गर्छ । तिनै प्रमाणका आधारमा नागरिकताको प्रमाण-पत्र बनाइन्छ । नागरिकताकै आधारमा मतदाता परिचय-पत्र, राहदानी, बैंक खाता आदि सञ्चालन हुन्छन् ।

यसले व्यक्तिको लैङ्गिक पहिचान जन्मकै आधारमा तय गरिन्छ भन्ने पुष्टी गर्छ । तर अर्कोतिर व्यक्ति हुर्कने र बढ्ने क्रमसँगै स्वःअनुभूतिमा जन्मँदा इङ्गित गरिएको लैङ्गिकता भन्दा फरक लैङ्गिक पहिचान बन्न सक्छ । त्याचलैङ्गिक व्यक्तिलाई यसले प्रभाव पार्दैन । तर, पारलैङ्गिक, गैर-द्वयसाङ्खिक, तेस्रो लैङ्गिक साथै कतिपय अन्तरलिङ्गी व्यक्तिलाई भने यसले प्रभाव पार्छ ।

**"लैङ्गिक पहिचानको संवाद आफैंमा तेस्रोलैङ्गिक व्यक्तिहरूमा सीमित भएको छ, यसकारण पारलैङ्गिक, गैर-द्वयसांखिक तथा अन्तरलिङ्गी व्यक्तिको सवाल ओझेलमा परेको छ ।"**

नागरिकता प्रमाण-पत्रको हकमा नागरिकता ऐन, २०६३ को दफा १७ मा कुनै व्यक्तिले आफ्नो नागरिकताको प्रमाण-पत्रमा सानातिना त्रुटी सच्याउन पाउने व्यवस्था गरेको छ । यसैगरी राष्ट्रिय परिचयपत्र तथा पञ्चिकरण ऐन, २०७६ को दफा २५ ले बच्चाको उमेर, नामथर आदि सच्याउनु परेमा सम्बन्धित व्यक्तिले स्थानीय सरकारमा दरखास्त दने व्यवस्था छ । तर, यी दुवै ऐनअनुसार व्यक्तिले नाम तथा लैङ्गिक विवरण संशोधन गर्न सक्ने प्रावधान भने समावेश गरिएको छैन । यी ऐनहरूले लैङ्गिक पहिचानको विषयलाई सम्बोधन गर्न सक्दैनन् ।

Secondary Education Council Directive 2011 contain such provision. Similarly, the Passport Act 2019 does not mention any provision regarding amendment of passport details. While Clause 7 of the Land Revenue Act, 1978, clauses 43 and 62 of the Motor Vehicles and Transport Management Act, 1993, and Clause 14 of the Electoral Roll Act, 2017 provide for the amendment of details on land ownership certificates, vehicle driver licenses, vehicle registration cards and voter identification cards, there is no provision for individuals to amend one's name or gender details.

These constitutional and legal provisions indicate that, despite constitutional guarantees, the implementation of these provisions face multiple impediments. For instance, the Constitution mentions citizenship by descent with a gender identity, which raises the question if people of other citizenship categories can access the same right of gender identity or not. If such contradictions are to be eliminated to provide all citizens with citizenship certificates with gender identity, either the Supreme Court will have to issue a judicial interpretation or the Constitution will need to be amended. Similarly, the terminology 'gender and sexual minority' is not an appropriate nor clear phrase. It is being debated that this population is not a 'minority', but appears so only because of social stigma. The argument that the description of a person's sexuality and gender should not focus so narrowly upon numbers alone has also been raised. Therefore, as a sustainable solution to the issue, the Constitution should be amended to change the terminology to 'people of marginalized sexual orientation, gender identity, and sex characteristic' (PoMSOGIESC). Additionally, it is necessary to study the relevant communities, civil society and international practice in order to establish formal definitions of the terminologies relating to 'sexual orientation, gender identity, and sex characteristic' (SOGIESC) and their diversity.

So far, the Supreme Court has issued verdicts only on cases related to the third gender. These verdicts are neither able to encompass the totality of the aspects related to gender identity nor are the precedents set by them capable of addressing the concerns of individuals with diverse identities. Therefore, Parliament must amend legislation to address the identities of all citizens. Even though many years have passed since the Court verdict, laws regarding gender identity have still not been amended. Council of Ministers decisions, often made to establish the gender identities of specific individuals rather than creating an overall procedure, have been essentially biased. In the absence of a systemic policy, such decisions are repeated for specific individuals, which cannot guarantee the same rights for all. In the context of Nepal, reassignment surgery is possible only for persons with privileges. In a context where hormone therapy, considered 'basic' to the gender affirming healthcare of transgender individuals, is largely out of the reach for most transgender persons, surgery is even more unattainable. To exclude individuals





त्यसै गरि उमेर, नाम र जात सच्याउने नियमहरु २०१७ ले पनि नाम तथा लैङ्गिक विवरण संशोधन गर्न सक्ने प्रावधान उल्लेख गरेको छैन । शैक्षिक प्रमाण-पत्रको हकमा कक्षा ८ को लागि आधारभूत तहको परीक्षा सञ्चालन तथा प्रमाणिकरण सम्बन्धी मापदण्ड २०७६, कक्षा १० को लागि माध्यामिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६८ र कक्षा १२ को लागि उच्च माध्यमिक शिक्षा परिषद् परीक्षासम्बन्धी निर्देशिका, २०६८ मा पनि त्यस्तो कुनै प्रावधान गरिएको छैन । त्यसैगरी राहदानी ऐन, २०७६ मा राहदानी संशोधनसम्बन्धी कुनै व्यवस्था छैन । यसैगरी मालपोत ऐन, २०३४ को दफा ७, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४३ र ६२ र मतदाता नामावली ऐन, २०७३ को दफा १४ मा जग्गाधनी पूर्जा, सवारी चालक अनुमती-पत्र, सवारी साधान दर्ता-पत्र र मतदाता परिचयपत्रमा विवरण संशोधन गर्ने व्यवस्था भए तापनि व्यक्तिले नाम तथा लैङ्गिक विवरण संशोधन गर्न सक्ने प्रावधान समावेश गरिएको छैन ।

यी सबै संवैधानिक तथा कानुनी प्रावधानलाई हेर्दा संविधानले व्यवस्था गरे तापनि यसको कार्यान्वयनमा थुप्रै समस्या पनि छन् । जस्तैः वंशीय आधारमा लैङ्गिक पहिचानसहित नागरिकताको अधिकार भनी संविधानमा उल्लेख भएका कारण वंशीय आधार बाहेकका नागरिकतामा लैङ्गिक पहिचान सहितको हक प्राप्त गर्न सक्ने कि नसक्ने भन्ने प्रश्न उठ्न सक्छ । यस्तो द्विविधा हटाएर सबै नागरिकलाई लैङ्गिक पहिचानसहितको नागरिकताको प्रदान गर्न कानुनीरूपमा कि त सर्वोच्च अदालतबाट न्यायिक व्याख्या हुनुपर्छ कि त संविधानको संशोधन हुनुपर्छ । यसैगरी 'लैङ्गिक तथा यौनिक अल्पसंख्यक' शब्दावली खासमा उचित र स्पष्ट शब्दावली होइन । सामाजिक लाञ्छनाका कारण 'अल्पसंख्यक' देखिएता पनि वास्तवमा यो जनसंख्या अल्पसंख्यक होइन भन्ने तर्क पनि अगाडि सारिएको देखिन्छ । संख्यामा केन्द्रित रहेर व्यक्तिको लैङ्गिकता र यौनिकतालाई व्याख्या गरिनु हुँदैन भन्ने पनि तर्क सशक्तरूपमा उठेको छ । त्यसैले यस्ता सवालको दिर्घकालीन समाधानका लागि संविधान संशोधनमार्फत् यो शब्दलाई 'सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताका व्यक्ति' भनिनु पर्छ । यसका साथै सम्बन्धित समुदाय, नागरिक समाज एवं अन्तर्राष्ट्रिय अभ्यासको समेत अध्ययन गरी 'यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषता' (यौभिकयौता) र यिनका विविधताबारे प्रयोग हुने विभिन्न शब्दावलीको आधिकारिक परिभाषा पनि कायम गर्नुपर्छ ।

सर्वोच्च अदालतमा परेका रीट निवेदनमध्ये अहिलेसम्म तेस्रोलैङ्गिकसम्बन्धी मुद्दाको मात्रै फैसला भएको छ । यी फैसलाले लैङ्गिक पहिचानका समग्र आयामलाई समेट्न सक्दैन । त्यसैले सबै लैङ्गिक पहिचानलाई सम्बोधन गर्ने गरी संसदले कानुन संशोधन गर्नपर्छ । सर्वोच्चको फैसला भएको वर्षौं भइसक्दा पनि लैङ्गिक पहिचानबारे कानुन संशोधन हुन सकेको छैन । मन्त्रीपरिषद्ले समग्र पद्धतीको भन्दा पनि व्यक्तिको पहिचान स्थापनामा गर्दै आएको निर्णय पक्षपाती छ । यसरी नीतिगत व्यवस्थाबिना व्यक्ति पिच्छे हुने निर्णयले सबको अधिकार सुनिश्चित गर्न सक्दैन । नेपालको सन्दर्भमा यौनाङ्गको पुनःनिर्माण शल्यक्रिया संरचनात्मक लाभ (प्रिभिलेज) प्राप्त व्यक्तिले मात्रै गर्न सक्छन्, यस्तो शल्यक्रिया सबैका लागि सहज छैन । पारलैङ्गिक व्यक्तिको जेण्डर एफर्मिङ स्वास्थ्य सेवामा आधारभूत मानिने हर्मोन थेरापीमै अधिकांश पारलैङ्गिक व्यक्तिको पहुँच छैन भने त्यो शल्यक्रिया गर्न सक्ने सम्भावना नै छैन भन्दा हुन्छ । यसका साथै पारलैङ्गिक व्यक्ति सबैले यस प्रकारको शल्यक्रिया र हर्मोन प्रयोग गर्न रूचाउँछन् भन्ने पनि छैन ।

from establishing their gender identities because they cannot undergo a surgical procedure is against the right to equality, the right to health and the principle of precedents set by the Court regarding gender identity.

Parliament has also not played a positive role. Even the Citizenship Act Amendment Bill, which has remained stuck in parliament for a long time, mentions the restrictive provision of providing identification papers with gender identity only to individuals who can undergo reassignment surgery. Instead of implementing the principle from the precedents set by the judiciary to guarantee the equal rights of all citizens through legislation, Parliament continues to limit these rights.

While there are a few policy level provisions regarding gender identity, such policies show that the state is largely ignorant about SOGIESC issues. One example of this are the directives issued in 2012 relating to issue citizenship mentioning 'others' in the column of gender to the people of sexual and gender minority community, which defines 'LGBTQI+' as an 'other gender' that is 'gender identities that are different from male and female'. The Ministry of Home Affairs also fails to understand that sexual orientation, gender identity and sexual characteristic ideas are three different things. 'LG' (Lesbian women and Gay men) and 'B' (Bisexual individuals) are not gender identities but sexual orientations. 'I' (Intersex individuals) is a sex characteristic – not a gender identity. Similarly, within 'T' (transgender individuals), transgender women are women and transgender men are men.

How many more categories should there be in addition to male and female? Which terminologies should be used? There is no uniformity regarding this. The Ministry of Home Affairs has designated 'Other' as a category, the Internal Revenue Department uses 'Gender and Sexual Minority', and the Voter Identification Card uses 'Third Gender'. Each of these terms have different meanings. Following the 2007 Court decision, the Ministry of Home Affairs issued citizenship certificates under the 'Third Gender' category. However, until 2017, the passport mentioned only 'male' and 'female', so individuals with the 'third gender' citizenship certificate were excluded from traveling for foreign employment, or to any other country besides India. This change has not yet been reflected in all forms and identification papers. Albeit, it is challenging to travel with a passport that mentions a gender other than female and male, because not all countries are friendly to non-binary individuals. However, Nepal has also been using the Roman letter 'O' to indicate genders other than female or male, rather than the Roman letter 'X' adopted by 13 countries and approved by the International Civil Aviation Organization. Apart from Nepal, no other country issues passports with 'O', and naturally, Nepali passports with 'O' cannot be machine-read at the immigration





शल्यक्रिया गर्न नसक्दैमा वा नचाहँदैमा व्यक्तिले आफ्नो लैङ्गिक पहिचानसहितको परिचय स्थापित गर्नबाट बञ्चित गराउनु समानताको हक, आफ्नो शरीरबारे आफूले निर्णय गर्न पाउने हकका साथै स्वास्थ्यको हक एवं सर्वोच्च अदालतद्वारा लैङ्गिक पहिचानसम्बन्धी स्थापित नजीरको सिद्धान्त विपरित हुन्छ ।

यसमा संसदले कुनै सकरात्मक भूमिका निर्वाह गरेको छैन । बिगत लामो समयदेखि संसदमा अड्केको नागरिकता ऐन संशोधन विधयकले पनि लैङ्गिक पहिचानसहितको परिचयपत्र केबल यस्तो शल्यक्रिया गर्न सक्ने व्यक्तिलाई सीमित गर्ने प्रावधान उल्लेख गरेको छ । न्यायालयद्वारा स्थापित नजीर वा सिद्धान्तको कार्यन्वयन गरी कानुनको रुपमा उतार्दै सबैको समान हक सुनिश्चित गर्नु पर्नेमा व्यवस्थापिकाले यी सवालमा अधिकारलाई कुण्ठित नै गरिराख्ने काम गरेको छ ।

लैङ्गिक पहिचानसम्बन्धी केही सीमित नीतिगत व्यवस्था भएता पनि ती नीतिगत व्यवस्थाले के देखाउँछ भने 'यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषता'बारे राज्य अत्यन्तै कम जानकार छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिलाई लिङ्गको महलमा 'अन्य' भन्ने व्यवस्था गरी नागरिकता जारी गर्ने सम्बन्धी निर्देशिका, २०६९ तयार हुनु यसको एउटा उदाहरण हो । यस निर्देशिकाले एलजिबिटीआइ भनेको 'अन्य लिङ्ग' वा महिला पुरुष बाहेकको लैङ्गिकता भनि परिभाषित गरेको छ । गृह मन्त्रालयले यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषता (यौभिकयौता) तीन फरक-फरक विषय हुन भनेर बुझ्न सकेन । 'एलजि' (समयौनिक पुरुष तथा महिला) र 'बि' (द्वियौनिक व्यक्ति) हुनु लैङ्गिक पहिचान होइन, यौन अभिमुखिकरण हो । 'आइ' (अन्तरलिङ्ग व्यक्ति) हुनु यौन विशेषताको प्रकार हो, लैङ्गिक पहिचान होइन । त्यसैगरी 'टि' (पारलैङ्गिक व्यक्ति)मा पारलैङ्गिक महिलाले महिला र पारलैङ्गिक पुरुषले पुरुष भनी नै पहिचान गर्छन् ।

महिला र पुरुषबाहेक अरु कतिओटा विधाहरु हुने ? कुन शब्दावली प्रयोग गर्ने ? यसमा एकरुपता छैन । गृह मन्त्रालयले 'अन्य' भनेको छ, आन्तरिक राजस्व विभागले 'लैङ्गिक तथा यौनिक अल्पसंख्यक', मतदाता परिचयपत्रले 'तेस्रोलिङ्गी ' भन्ने शब्दको प्रयोग गरेका छन् । यी तीनवटै शब्द शाब्दिक रुपमा फरक अर्थ दिने शब्दहरु हुन् । गृह मन्त्रालयले सन् २००७ को सर्वोच्चको फैसलापछि 'तेस्रोलिङ्गी' भनेर नागरिकता त जारी गर्‍यो । तर, सन् २०१७ सम्म पनि राहदानीमा महिला र पुरुष मात्र राखिएका कारण 'तेस्रोलिङ्गी' उल्लेख गरिएका नागरिकता बाहक वैदेशिक रोजगार वा अन्य प्रयोजनका लागि भारतबाहेक अरु कुनै देश जानबाट बञ्चित थिए । अहिलेसम्म पनि सबै फारम तथा परिचयपत्रमा यो परिवर्तन गरिएको छैन । हुन त महिला र पुरुष बाहेकको लैङ्गिक पहिचान उल्लेख भएको राहदानी बोकी यात्रा गर्नु चुनौतीपूर्ण छ किनभने विश्वका सबै देशहरु गैर-द्वयसाङ्खिक मैत्री छैनन् । तर, अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) ले मान्यता दिएको र विश्वको १३ ओटा देशले अभ्यास गरेको X को सट्टा नेपालले O उल्लेख गरेको छ । विश्वमा नेपालबाहेक O उल्लेख भएको राहदानी दिने अरु कुनै देश नै छैन र अरु कुनै देशको अध्यागमनमा यो राहदानी रीड नहुनु स्वभाविक नै भयो भने, नेपालको आफ्नै त्रिभुवन विमानस्थलको अध्यागमन डेक्समा समेत यस्तो पासपोर्ट रीड हुँदैन ।

desks of foreign nations. In fact, such passports cannot be read even by the machines at the immigration desk at Tribhuwan International Airport.

## Conclusion

The gender identity discourse has been limited to third-gender individuals, because of which the issues of transgender, non-binary and intersex individuals have been pushed into obscurity. In 2020, after including issues of concern from various groups, civil society issued the National Transgender Charter of Demands, National Charter of demands on the Legal Recognition of Gender Identity in Nepal, the Charter of demands Regarding Gender Identity in Citizenship Bill, and the National Intersex Charter of demands. Similarly, a petition has been filed at the National Human Rights Commission regarding the fact that the 'Other Gender' provision in force currently infringes upon human rights principles. Indeed, only two months ago, I have filed a writ petition at the Court regarding the gender identity rights of transgender individuals. No law in Nepal allows for the preferred gender to be included in identification documents. Parliament must also gradually update all relevant legislation. Provincial government structures also need not wait for the federal structure for each and every decision. If positive practices come out of the provincial level, other provinces and the federal level may be obligated to follow them.

## Endnotes

[1] LGBTQI denotes Lesbian, Gay, Bisexual, Transgender, Queer and Intersex.





## निष्कर्ष

लैङ्गिक पहिचानको संवाद आफैंमा तेस्रोलैङ्गिक व्यक्तिहरूमा सीमित भएको छ, यसकारण पारलैङ्गिक, गैर-द्वयसांखिक तथा अन्तरलिङ्गी व्यक्तिको सवाल ओझेलमा परेको छ । नागरिक समाजले सन् २०२० मा विभिन्न वर्गको विषयवस्तु समेटेर राष्ट्रिय पारलैङ्गिक माग-पत्र, नेपालमा लैङ्गिक पहिचानको कानुनी मान्यतासम्बन्धी राष्ट्रिय माग-पत्र, नागरिकता विधयकमा लैङ्गिक पहिचान सम्बन्धीको माग-पत्र र राष्ट्रिय अन्तरलिङ्गी माग-पत्र जारी गरेको छ । त्यसैगरी हाल नेपालमा रहेको 'अन्य लिङ्गी' प्रावधानले मानवअधिकारको हनन भएको सम्बन्धमा पनि राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी परेको छ । दुई महिना अगाडि मात्रै मैले पारलैङ्गिक व्यक्तिहरूको लैङ्गिक पहिचानको अधिकारसम्बन्धी सर्वोच्च अदालतमा रीट निवेदन पेश गरेको छु । उक्त रीटमा लैङ्गिक पहिचानअनुसार परिचयपत्र एवं प्रमाण-पत्र कायम गर्नका लागि कुनै पनि ऐन कानूनमा स्पष्ट व्यवस्था नभएका कारण हाम्रो मौलिक हकको हनन भएको माग दाबीसहित गरेको छु । त्यसैगरी 'अन्य लिङ्गी'को परिभाषा त्रुटीपूर्ण रहेको एवं एलजिबिटीआइलाई 'अन्य लिङ्गी' भन्नु गलत रहेको विषयमा पनि रीट हालेका छौँ । नेपालको कुनै पनि ऐन कानुनमा लैङ्गिक पहिचानअनुसार परिचपत्र कायम गर्न पाउने प्रावधान छैन । संघीय संसदले क्रमशः सबै ऐन कानुन अद्यावधिक गर्दै जानुपर्छ । प्रादेशिक संरचनाले पनि सबै कानुन निर्माण गर्दा संघीय कानुनलाई कुरिरहनु पर्दैन । प्रादेशिक तहबाट पनि सकरात्मक अभ्यासहरु प्रतिपादन भएमा अरु प्रदेश र संघीय तहले समेत अनुशरण गर्ने अवस्था हुन सक्छ ।

## पाद टिप्पणी

[१] लेखमा उल्लेखित केही शब्दहरूको अर्थ यसप्रकार रहेका छन्: समयौनिक (होमो-सेक्सुअल), द्वियौनिक (बाइ-सेक्सुअल), पारलैङ्गिक (ट्रान्स-जेण्डर), तथा अन्तरलिङ्गी (इन्टर-सेक्स) ।

# Journalism, Youth and Leadership

■ Basanta Basnet

## Youth in Journalism

On World Press Freedom Day this year, the journalist Bijaya Kumar tweeted "Today's journalists have it easier than our generation did because technology has advanced. But, they also have it harder because many viewers, readers, and listeners today are better educated, better read and better informed than the journalists. Chanting 'press freedom' without attaining a freedom of knowledge first threatens to turn us into objects of ridicule." This tweet is surely something important for the new generation to consider as well. The phrase Kumar uses, 'freedom of knowledge', is quite pointed, as it is a kind of freedom that helps a journalist become self-aware of their own abilities, and also teaches about rights and duties. One is unable to ignore the fact that it was written from someone who had given the best years of his life to the journalism profession. His comment reflects not only his hope for and goodwill towards youth, it also reflected a lack of confidence in their abilities too.

Yet, the crux of the problem is not confined to either the new or old generations. Stupidity is not particular to a specific generation or points in time for that matter. However, if we were to analyze the ten most recent examples of significant and important reporting, 90 percent would most likely turn out to have been drafted by the younger generation. In fact, those born after 1980 are ahead of any other generation in terms of being able to fearlessly confront the state or any other type of power structure. To paraphrase Edward Said in his Reith Lectures – *"any amateur interrogator is more useful to society than a conformist versed in philosophy."* When looking for new leadership in the field of journalism, it is this generation that will be sort. History has already documented the senior's contributions and will continue to do so.







# पत्रकारिता, युवा र नेतृत्वका कुरा

■ बसन्त बस्नेत

## पत्रकारितामा युवा

पत्रकार विजय कुमारले अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवसका दिन ट्वीट गरेः 'आजका पत्रकारलाई हाम्रो पुस्ता भन्दा सजिलो छ । किनभने प्रविधिको विकास भएको छ । तर नयाँलाई हाम्रो भन्दा धेरै गाह्रो छ । किनभने आजका कयौ दर्शक, पाठक, श्रोता–पत्रकारभन्दा बढी शिक्षित, पठित र जानकार छन् । ज्ञानको स्वतन्त्रता हासिल नगरी प्रेस स्वतन्त्रता भन्दै कराएर हिंड्दा जोकर बनिने खतरा छ ।' यस ट्वीट नयाँ पुस्ताको लागि पक्कै काम लाग्दो थियो । विजय कुमारले 'ज्ञानको स्वतन्त्रता' जस्तो एकदमै महत्वपूर्ण शब्दावली प्रयोग गरेका थिए । त्यस्तो स्वतन्त्रता, जसले पत्रकारलाई अन्तर्निहीत क्षमताको स्वयंबोध गराउन सघाउँछ । यसका साथै अधिकार मात्रै होइन जिम्मेवारीबोध गर्न सिकाउँछ । यही पेशामा जिन्दगीको सबैभन्दा उर्वर समय खर्चिइसकेका लेखक, सावर्नजनिक व्यक्तित्वसमेत रहेका यी पत्रकारले भनेको कुरालाई सामान्य मान्न अलिकति सकिएन । किनभने यसभित्र युवा पुस्ताप्रति शुभेच्छा मात्रै थिएन, बरु उनीहरूको (हाम्रो) क्षमतामाथि कताकति अविश्वास पनि झल्किन्थ्यो ।

समस्याको चुरो भने नयाँ या पुरानो पुस्तामा सीमित छैन । मूर्खता र अयोग्यता प्रकट गर्न कुनै पुस्ता या काल आवश्यक छैन । पछिल्ला १० महत्वपूर्ण रिपोर्टिङहरु छानेर कसैले अनुसन्धान गर्‍यो भने ती युवा पुस्ताबाट पर्ने सम्भावना ९० प्रतिशतभन्दा बढी हुनुपर्छ भन्ने मेरो आँकलन छ । सत्ता र कुनै खाले शक्ति–संरचनामाथि आँखा जुधाएर प्रश्न गर्ने मामिलामा सन् १९८० पछि जन्मेका युवाहरु योभन्दा अघिका कुनै पनि पुस्ताभन्दा अगाडि छन् भन्ने मेरो सरासर दाबी छ । एडवर्ड सइदको प्रसिद्ध रीथ लेक्चरलाई आधार लिएर भन्नुपर्दा सिद्धान्त पढेको कन्फर्मिस्टभन्दा 'अमेच्युअर' प्रश्नकर्ता समाजलाई बढ्ता चाहिएको छ । पत्रकारिता क्षेत्रको आगामी नेतृत्व खोजी गर्दा अब यही पुस्ता भेटिने छ । अग्रजहरूको भरपूर योगदान इतिहासमा लेखिएकै छ, लेखिने नै छ ।

## Examining Young Journalists' Abilities

On this basis, it is not necessary to scrutinize Kumar's claim that consumers of the media have become better educated and better informed than today's journalists. Suffice it to say that it should not be a problem to our media, our social space, or our democracy that our readers, viewers, listeners are more capable and better educated than those who work in the media. In fact, it is perhaps an advantage. I will not say that this was a common practice that everyone engaged in, but in the past, it was quite possible for someone, moved by personal preference, to say anything under the guise of journalism. On the whole, today the media offices who regulate journalistic standards are ever increasing. The National Press Council itself is an example, although its reputation is often compromised by persons occupying high positions in the institution. So, overall, it is fair to say that organizational monitoring exists more than before.

New media is, of course, an area that has all kinds of new space. Here, there is no word limit, nor any kind of limitation. However, it is worth remembering that while we may have unlimited time and space, the reader does not. The true ability of the 'young leaders' in journalism will be examined on this point. The target group pointed out by Kumar in his tweet are occupied in life. If they are not busy, then their priorities and mediums are disparate and their preferences limitless. The media faces the challenge of how to attract the short attention span of the viewer. Except for a few individuals, the older generation will likely find it hard to understand this. Certainly, only the nimblest newsrooms will be able to properly comprehend and effectively deal with this issue.

> **Many journalists have become used to creating sensationalized headlines by treating the complaints and allegations haphazardly scrawled on social media by politicians as serious news.**

Another veteran journalist, Kunda Dixit, once emphasized that "one doesn't become an important journalist merely by interviewing the prime minister." This sentence is especially relevant today. It used to be the case that a journalist could claim to possess important sources of information simply by chit-chatting within the halls of Baluwatar or on the basis of hovering around politicians. In a way, this was natural because politicians and journalists were both fighting for the common goal of democracy. And as politicians ascended to power, so journalists perceived an improvement in their own status. However, as times changed, the issues began to diverge. The state, among all institutions that ran society, had the ultimate power. Yet, in a democracy, government is not the ultimate decision-making power, but is increasingly limited to being a facilitator among a host of other socio-economic institutions. Not for nothing is it said that the best government is one that exercises the least power.

The real significance of Dixit's statement is that there are many important issues in society besides the just the activities of political parties. Therefore, running





## युवा पत्रकारको क्षमता परीक्षण

यस सन्दर्भमा पाठक, स्रोता, दर्शक आजका पत्रकारभन्दा शिक्षित, पठित भइसके भन्ने विजय कुमारको दाबीमा तर्क गर्नुपर्ने पर्ने खास कारण नहोला । बरु यति मात्रै भन्न सकिन्छ कि पाठक, दर्शक, स्रोता (एक शब्दमा भन्दा अडियन्स) सञ्चारकर्मीभन्दा बढी दक्ष, शिक्षित हुनुले हाम्रो लोकतन्त्र, हाम्रो मिडिया अनि हाम्रो सार्वजनिक स्पेसलाई कुनै घाटा होइन, बरु बढ्ता फाइदा छ । सबैले गरे भन्दिनँ, तर बिगतमा मनोगत आग्रहमा बहकिएर कतिपयलाई पत्रकारिताका नाममा जे पनि छाँट्न मिल्थ्यो, अब त्यो सम्भव छैन । समग्रमा पत्रकारितालाई नियमन गर्ने इकाइहरु बलिया हुँदै गएका छन् । प्रेस काउन्सिल नै यसको उदाहरण हो, भलै त्यसमा बेलाबखत आउने पात्रहरूको कारण संस्थाको साख विवादमा पर्ने गरेको छ । तर संस्थागत नियमनको सुनिश्चितता पहिलेभन्दा बढेको छ ।

न्यु मिडिया यस्तो क्षेत्र हो, जहाँ स्पेस जति पनि छ । कुनै शब्द संख्याको सीमा छैन, कुनै बन्धन छैन । तर याद राख्नुपर्ने कुरा के छ भने हामीसँग समय, स्पेस असीमित होला, तर पाठकसँग छैन । पत्रकारितामा युवा नेतृत्वको वास्तविक क्षमताको परीक्षण ठीक यही विन्दूबाट सुरु हुन्छ । माथि ट्वीटमा विजय कुमारले औंल्याएको लक्षित वर्ग व्यस्त छ । ऊ व्यस्त नभए पनि उसका प्राथमिकता र माध्यमहरु धेरै छन् । उसको रूचि असीमित छ । भ्युअरको छोटो समय अंशलाई आफ्नो समाचारका विषयवस्तु अधिल्तिर कसरी आकर्षित गरिराख्ने भन्ने चुनौती मिडियासामु छ । यो विषयमा अपवादलाई छाड्ने हो भने पुरानो पुस्ताको सम्पादकीय नेतृत्वले सम्भवतः बुझ्न गाह्रो पर्ने छ । यो मुद्दालाई चुस्त न्युजरूम र त्यही घ्राणशक्ति भएको नेतृत्वले मात्रै ठम्याउन सक्ला ।

अर्का पत्रकार कुन्द दीक्षितले कुनै बेला सम्पादक रहेको बोलेका थिएः 'प्रधानमन्त्रीको अन्तर्वार्ता गर्दैमा ठूलो पत्रकार भइन्न ।' यो वाक्यको आज ठूलो सान्दर्भिकता छ । बालुवाटारका कोठाचोटाहरूमा भलाकुसारी गरेर होस् वा नेताहरूको वरिपरि घुमिबसेका भरमा सूचनाका स्रोतहरूमा पकड भएको दाबी गर्न पाइन्थ्यो । त्यो स्वभाविक पनि थियो किनकि नेता र पत्रकार दुवै प्रजातन्त्रको सामूहिक लक्ष्यका लागि संघर्षरत थिए । तिनै नेता कालान्तरमा सत्तामा गर्दा पत्रकारले आफ्नोसमेत हैसियत बढोत्तरी भएको ठान्न पाउँथ्यो । समय बदलिँदै जाँदा विषयहरूमा विविधता आयो । समाज चलाउने अङ्गहरूमा सरकार अन्तिम शक्ति थियो । यद्यपि, उदार लोकतन्त्रमा सरकार अन्तिम निर्णयकारी शक्ति नभएर सामाजिक-आर्थिक संस्थाबीचको सहजकर्तामा सीमित हुँदै गएको छ । भनिन्छ, त्यो सरकार सबैभन्दा राम्रो हो, जसले सबैभन्दा कम शक्ति अभ्यास गर्छ ।

> **हामी कतिपय पत्रकारहरूमा नेताले फेसबुकमा लेखेका अन्टसन्ट गाली र आरोपलाई गम्भीर समाचार झैं मानेर उत्तेजक शीर्षकहरू दिने बानी परेका छ ।**

दीक्षितको भनाइको तात्पर्य दलीय राजनीतिक गतिविधिबाहेक समाजमा थुप्रै मुद्दाहरु छन् भन्ने हो । बालुवाटार, सिंहदरबार, सानेपा वा थापाथलीका शक्तिकेन्द्रका पछाडि मात्रै लागिरह्यौं भने हामीले ती सरोकारलाई रिपोर्टिङ गर्न छुटाउने छौं । आज नेपाली न्युजरूम र यसको नेतृत्वका सामुन्ने कस्तो पत्रकारिता अभ्यास गर्ने भन्ने चुनौती छ । त्यो चुनौतीको प्रस्थानविन्दु यही विषय विविधताको खोजीका लागि दिइने ध्यान र सोहीअनुरूप जनशक्ति निर्माण र अभिमूखीकरण नै हो ।

towards Baluwatar, Singhadurbar, Sanepa, or Thapathali will result in a journalist being unable to adequately report on all relevant issues in society. In this context, newsrooms face the challenge of figuring out what kind of journalism they should practice. The jumping off point in that challenge will be the attention paid to discovering the diversity of issues they should address, orienting themselves towards those issues and developing human resources accordingly.

It is instructive here to examine certain recent patterns. In his budget speech on May 29, 2021, former Finance Minister Bishnu Paudel unveiled a plan, aimed at reducing the trade deficit with India, to extract and sell sand and gravel from the Chure region, which would have been catastrophic for Nepal. Pointedly, the media raised this issue by presenting the sensitivity of the issue. It was the same media that, last year, exposed the issue of caste related ethnic massacre in Rukum. These are some examples to show that the media is now better able to report on events, including patterns, occurring outside Kathmandu, and to recognize important stories.

**"Only the leadership of the new generation that understands new media can guide this boat through these rough waters. Newsrooms cannot limit themselves to heeding any particular generation's prescription or acknowledging their self-regard, but must come to terms with this age that runs on algorithms."**

This is the challenge. There are two battles subtly taking place within modern journalism. Many journalists have become used to creating sensationalized headlines by treating the complaints and allegations haphazardly scrawled on social media by politicians as serious news. The challenge of examining issues deeply is squarely on this generation. Armed with mobile phones, politicians can issue propaganda from the comfort of their homes and they do not even have to make the pilgrimage to reporters' clubs. Yet, media outlets that treat politicians' personal grievances and self-interests as news and unquestioningly publish them are on the rise. The challenge of protecting stories from such dangers remains and must be urgently addressed.

### Opportunities for Young Journalists

However, there are also opportunities to be had. First, the style of news-writing. In the past, there were only a few organizations like the Ratna Rajyalaxmi College or Nepal Press Institute that taught journalism. The style of writing news was also traditional. There was only the obvious understanding of the mantra of "Five W's, one H," that unnaturally burdened one with including everything in the first sentence.[1] Not only was journalist creativity never allowed to blossom, it was dismissed as an attempt to be literary and openly discouraged. Today, the internet revolution has allowed us all to hold the entire 'world in our hands' and so news rooms can encourage reporters to be original in their reporting.

Second, the art of choosing issues. The information revolution has expanded the sources of news. What we viewed as a significant source yesterday is likely to





यहाँ भर्खरै मात्रै भएका केही घटना र प्रवृत्तिलाई केलाउनु मनासिब हुन्छ । गत २०२१ मे २९ मा पूर्व अर्थमन्त्री विष्णु पौडेलले भारतसँगको व्यापार घटाउन नेपालको अमूल्य चुरे क्षेत्रका ढुङ्गा, गिटी बालुवा बेच्ने प्रस्ताव बजेट भाषणमार्फत ल्याए । यो विषयलाई मिडियाले एकदमै महत्वका साथ उठायो । विषयको संवेदनशीलता पाठकले बुझ्ने गरी पेश गऱ्यो । रूकुममा जातपातको नाममा गतवर्ष भएको जातीय संहारजस्तो गम्भीर विषयलाई मिडियाले नै पेश गऱ्यो । विगतमा भन्दा नेपाली मिडियाले काठमाडौं बाहिरका घटना र प्रवृत्तिसमेतलाई संवेदनशीलताका साथ उठाउन सक्छ र राजनीतिक नेताहरूको घेराबाट बाहिर आएर पनि स्टोरीहरु पहिल्याउन सक्छ भन्ने यो ज्वलन्त दृष्टान्त थियो ।

चुनौती यसैमा छ । अहिले समकालीन पत्रकारितामा नजानिँदो गरी दुई खालका लडाइँहरु चलिरहेका छ । हामी कतिपय पत्रकारहरूमा नेताले फेसबुकमा लेखेका अन्टसन्ट गाली र आरोपलाई गम्भीर समाचारझैं मानेर उत्तेजक शीर्षकहरु दिने बानी परेका छ । खास विषयको गहिराइ पर्गेल्नुपर्ने चुनौती यसै पुस्तालाई छ । नेताको हातमा मोबाइल छ, तिनले घरै बसिबसी प्रोपागान्डा गर्न सक्छन् । तिनलाई त अब रिपोर्टर्स क्लबसम्म धाइराख्नु पनि पर्दैन । तिनका निजी कुन्ठा या स्वार्थलाई समाचार मानेर विना कुनै प्रश्न खबर बनाएर छाप्ने मिडियाको उदय हुँदै गएको छ । स्टोरीलाई तिनबाट बचाउनु पर्ने चुनौती भने पक्कै छ ।

**"न्युजरूमको नेतृत्वले पुस्ता विशेषको उपदेश या अहम्लाई सुनेर मात्रै पुग्दैन । अल्गोरिद्ममा चलिरहेको समयलाई चिन्नै पर्छ । अल्गोरिद्म र सेयरकाउन्ट गनेर मात्रै पुग्दैन बरू प्रत्येक पुस्ताले आफ्नो समयको सबैभन्दा महत्वपूर्ण प्रश्न पत्ता लगाएर ती सवाल सत्ता, सार्वजनिक संस्था र प्रतिष्ठानलाई सोध्नैपर्छ ।"**

### युवा पत्रकारका अवसर

यस्तै चुनौतीकाबीच युवा पत्रकारहरूलाई अवसरहरु पनि सिर्जना भएका छन्ः एक, समाचार लेख्ने शैली । पहिले पत्रकारिता सिकाउन रत्नराज्य क्याम्पस या नेपाल प्रेस इन्स्टिच्युटजस्ता केही सीमित संस्था थिए । समाचार लेख्ने शैली एकदमै परम्परागत ढर्राको थियो । फाइभ डब्ल्यु वान एच भन्ने विषयलाई सीधा अर्थमा मात्रै बुझियो, जसले पहिलो वाक्यमै सबै थोक अँटाइसक्नु पर्ने कृत्रिम बोझ बोकायो ।[१] यसकारण पत्रकारको सिर्जनशीलता फक्रिन पाएन, बरु साहित्य छाँटेको भन्दै निरूत्साहित गरियो । आज इन्टरनेट क्रान्तिले विश्व सबैको हात-हातमा आइपुगेको छ । त्यसैल यस्तो अवस्थामा न्युजरूमले रिपोर्टरलाई मौलिकतामा ढालेर रिपोर्टिङ गर्न उत्प्रेरित गर्न सक्छन् ।

दुई, विषय छान्ने कला । सूचना क्रान्तिले समाचारका स्रोतहरु बिस्तारित भएका छन् । हिजो हामी जेलाई महत्वपूर्ण स्रोत भन्थ्यौं, ती आज करिब स्रोत नभई माध्यममात्रै हुने सम्भावना बढ्दै गएको छ । धेरै स्रोत र धेरै माध्यम हुनु चुनौती त हुँदै हो, तर यसैमा अवसर पनि छ । पत्रकारितामा जुन कुरालाई एङ्गल भनिन्छ, त्यसलाई हामीले सामुन्नेमा देखिरहेको विषयसँग जोड्न सक्यौं भने अरूको भन्दा भिन्न रिपोर्टिङ बन्न सक्छ ।

तीन, तथ्य जाँच वा फ्याक्ट चेकसहित खोजी रिपोर्टिङ डेस्क निर्माण गर्ने अवसर । कति समाचार यस्ता हुन्छन्, जसलाई हामीले जुनसुकै माध्यममा हेरे पनि करिब उस्तै पाउँछौं । अझ हिजोआज नेताका सचिवालय, कर्पोरेट संस्था आदिले आफैं समाचारको शैलीमा ढालेर सूचना पठाउँछन् । तथ्यको परीक्षण बिना पठाइने त्यस्ता

prove no more than a mere medium today. An abundance of sources and mediums is certainly a challenge, but there is also opportunity inherent in this. If what is termed as an 'angle' in journalism can be connected to the issues that we see before us, then our reporting can be different from that of others.

Third, the chance to establish fact checking and investigative reporting desks. Many news articles are the same regardless of the medium we find them in. What is more, politicians' offices and corporations issue information in the style of news-writing. Publishing such accounts without checking facts not only does not improve the trustworthiness of news media, it also deteriorates what little public esteem it has. In this regard, each media outlet could establish a fact checking and investigative reporting desk to filter those missives. The opportunity for each organization to participate in this process exists and some have already started work in this direction.

Leaving aside government run communications media, commercial communications agencies established after 1990, on the whole, have not been miserly in installing young people in leadership roles. Additionally, the role of young people is key in establishing newsrooms with a 'new spirit'. Someone else can corral the statistics on this, but based on my own experience as a practitioner, newsrooms with young leaders are moving forward robustly. While newsrooms under senior leadership play a key role in maintaining organizational trust in the media, on issues of readability or ability to offer content based on their viewer's preferences, that group's pace has lagged.

Finally, a word on the subject Kumar raised, the advance of technology. There was a time when one felt that one missed out on a lot if, after waking up in the morning, one did not find that a cycle-boy had lobbed newspapers into one's yard or stuffed them in a pigeon hole. The internet, especially after the development of smartphones and social media, has made this matter a moot point. On top of that, the pandemic has accelerated this process even more. In reality, we do not really have newspapers, TVs, or radios anymore - we have 'multi-media content'. We do not have presenters, but instead we have content creators. Pen, camera, reporting, proofing, pre-press printing, binding, and circulation – work that required three to five people (or even more) can now be done by a media content creator single-handedly.

While there is a lot to thank technology for of course, it has also presented challenges. For example, Surendra KC, who used to do 'serious analysis' in the pages of a magazine, has now become the 'darling' of YouTube consumers. The new media is such a space where institutions like The Washington Post and individuals like Bhagya Neupane are circumscribed within the same sphere.[2]





सूचनाले समाचारमाध्यमको विश्वसनीयता बृद्धि गराउने होइन, बरु भएको साख पनि गिराउने गर्छन् । यस अर्थमा हरेक संस्थाले फ्याक्ट चेक तथा खोजी रिपोर्टिङ डेस्क निर्माण गरेर त्यस्ता सूचनालाई फिल्टर गर्न सक्छन् । आज प्रत्येक संस्थालाई यस्तो प्रक्रियामा सहभागी हुने अवसर उपलब्ध छ । केहीले त यसमा काम सुरु गरिसकेका पनि छन् ।

सरकारी सञ्चारमाध्यमलाई छाड्ने हो भने सन् १९९० यता खुलेका व्यावसायिक सञचार प्रतिष्ठानहरूले युवालाई प्रायजसो नेतृत्वमा ल्याउन कन्जुसी गरेको देखिँदैन । अझ नयाँ स्पिरिटसहितको न्युजरूम बनाउने हो भने त्यहाँ युवाको भूमिका अनिवार्य हुन आउँछ । कसैले तथ्याङ्क राखेर सूचना जुटाओस् तर पछिल्लो कालको अभ्यासकर्ता हुनुको अनुभवका आधारमा म भन्न सक्छु भने युवा नेतृत्व भएका न्युजरूम प्रायजसो सशक्तरूपमा अगाडि बढेका छन् । वरिष्ठ नेतृत्वमा भएको न्युजरूमले संस्थागत विश्वसनीयता राख्नमा पक्कै महत्वपूर्ण भूमिका खेलेको छ तर, ती सञ्चारमाध्यमले पठनीयता वा स्रोता, दर्शकको रूचिअनुसार सामग्री पस्कने काममा भने त्यो समूहको गति पक्कै पनि धीमा छ ।

अन्तिममा, विजय कुमारले नै उठाएको 'प्रविधिको विकास'बारे केही कुरा गरौं । बिहान उठ्दा आँगन वा पिजन्होलमा साइकल ब्वाईले पत्रिका फालेको देखिएन भने ठूलै कुरा छुटे जसरी सोच्ने एउटा जमाना थियो । इन्टरनेटका साथै स्मार्टफोन र सामाजिक सञ्जालको तीब्र गतिमा विकास भएसँगै अब यस्तो अवस्था छैन । अझ कोभिड-१९ को महामारीकालले यो प्रक्रिया अझै छिटो बनाइदिएको छ ।

अब अखबार, टिभी, रेडियो छैनन्, मल्टिमिडिया कन्टेन्टहरु छन् । प्रस्तोता छैनन्, कन्टेन्ट क्रिएटरहरु छन् । कलम, क्यामेरा, रिपोर्टिङ, सम्पादन, प्रुफिङ, प्रि-प्रेस पेस्टिङ, बाइन्डिङ र सर्कुलेशन जस्ता काम गर्न कम्तीमा तीनदेखि पाँच जनासम्मको जनशक्ति (या त्योभन्दा बढी) चाहिन्थ्यो । अब यी सबै काम मिडिया कन्टेन्ट क्रिएटर एक्लैले गर्न सक्छ ।

प्रविधिलाई धन्यवाद । यद्यपि, पक्कै पनि यसैमा धेरै चुनौती छन् ।
किनकि कुनै बेला म्यागजिनका पाताहरूमा 'गम्भीर विश्लेषण' गर्ने सुरेन्द्र केसी हिजोआज युट्युबे (युट्युबर होइन)का डार्लिङ भएका छन् । देश कता जाँदैछ भन्नलाई मानिसहरूले पुण्य गौतमको विश्लेषण सुन्नुपर्ने भएको छ । न्यु मिडिया यस्तो स्पेस हो, जहाँ वासिङ्टन पोस्टदेखि भाग्य न्यौपानेसम्म सबै एकै ठाउँमा कुँडुलो पल्टिएका छन् ।[२] आफ्नो मिडिया कस्तो बनाउने भन्ने दिशानिर्देश केबल स्पष्ट सोंच भएको सम्पादकीय नेतृत्वले मात्रै गर्न सक्छ । म दाबीका साथ भन्छु कि न्यु मिडिया बुझेको नयाँ पुस्ताको नेतृत्वले मात्रै यो चुनौतीको डुङ्गा पार लगाउन सक्छ ।

यस अर्थमा, न्युजरूमको नेतृत्वले पुस्ता विशेषको उपदेश या अहम्लाई सुनेर मात्रै पुग्दैन । अल्गोरिद्ममा चलिरहेको समयलाई चिन्नैपर्छ । अल्गोरिद्म र सेयरकाउन्ट गनेर मात्रै पुग्दैन बरु प्रत्येक पुस्ताले आफ्नो समयको सबैभन्दा महत्वपूर्ण प्रश्न पत्ता

Therefore, in this context, only clear-headed editorial leadership can provide direction to its media organization as to what kind of media entity they should become.

Only the leadership of the new generation that understands new media can guide this boat through these rough waters. Newsrooms cannot limit themselves to heeding any particular generation's prescription or acknowledging their self-regard, but must come to terms with this age that runs on algorithms. And it is not enough to tabulate algorithms and share-counts. Each generation must identify the most pressing questions of its age and hold the state and public institutions to account. Whether a veteran or a neophyte, a journalist who has forgotten to question this has no use.

## Endnotes

1 Who?, What?, Where?, When?, Why? and How?

2 Bhagya Neupane is a popular content creator on YouTube who produces sensational news.





लगाएर ती सवाल सत्ता, सार्वजनिक संस्था र प्रतिष्ठानलाई सोध्नैपर्छ । वरिष्ठ होस् या युवा, प्रश्न हराएको पत्रकारको कुनै काम छैन ।

## पाद टिप्पणी

१ के?, को?, कहाँ?, कहिले?, किन? र कसरी?

२ भाग्य नेउपानेले युट्युबमा सनसनीपूर्ण कार्यक्रमहरू प्रस्तुत गर्छन्

# Intersectionality: A Pathway Towards Recognizing Young People with Disabilities in Nepal

■ Pratima Gurung

Youth with disabilities have several identities such as age, different sexual orientations, disability, caste, and ethnicity. All of these social identities combine, intersect and overlap with each other within a single individual who either has a privileged or a marginalized position in society based on this. Indeed, I have worked closely with persons with multiple social identities for more than a decade now and they have spoken to me about their situation. They have told me that although they exist everywhere within youth, women, indigenous and disability movements, they do not exist as a single entity. So, the question is how do we, as a society, address groups with multiple social identities? In particular, how can we give them a voice, opportunities, recognition and representation in their own constituencies and beyond?

More than one billion persons around the world live with a form of disability.[1] The growing prevalence rate of disability reflects the fact that most persons experience disability at some point in their lives. Therefore, understanding the meaning of disability and its impact on the ability of a person to be an active participant in society remains a challenge. Globally, an estimated 180 to 200 million people with disabilities are between the ages of 10 and 24. In Nepal, the youth age is 16-40 years of age according to the Ministry of Youth and Sports with youth with disabilities making up nearly two percent even though there is a lack of disaggregated data of youth with disabilities and other intersecting identities within disabilities.[2] One study indicated that although there is 1.3 million indigenous people and Dalit/Madhesis and other sexual minorities with disabilities, however, there is still no official disaggregated data about any of these groups.[3] Therefore, at present, they remain at the bottom of the social stratification hierarchy and have no spaces, opportunities, recognition and representation within the disability movement.







# अन्तरसम्बद्धता: नेपालमा अपाङ्गता भएका युवा पहिचानको बाटो

■ प्रतिमा गुरुङ्ग

अपाङ्गता भएका युवाहरूको उमेर, यौनिकता, अपाङ्गताको प्रकृत्ति, जातजाति आदिका आधारमा विविध पहिचान हुने गर्छ । यी सबै सामाजिक पहिचान एक-आपसमा घुलमिल भएर एक मानिसको समग्र पहिचान बन्ने गर्दछ । यिनै पहिचानको आधारमा व्यक्ति समाजमा कि त वर्चश्वशाली हुन्छ वा सिमान्तकृत हुन्छ । मैले एक दशकभन्दा लामो समयदेखि बहु-पहिचान भएका समूहसँग काम गरेँ । ती समूहबाट मैले के सुनेको छु भने सबै यी सबै समुदायले आन्दोलन गरेका छन् र ती आन्दोलन जस्तैः युवा, महिला, आदिवासी जनजाति र अपाङ्गता भएका महिला आदि पहिचानमा आधारित भए तापनि उनीहरु एउटा छुट्टै साझा पहिचान भने कतै पनि छैन । त्यसकारण मैले यहाँ उठाउन खोजेको प्रश्न के हो भने हामीले एउटा समाजको रूपमा बहु-पहिचान भएका समूहहरूलाई कसरी सम्बोधन गर्न सक्छौ ? विशेषगरी, हामीले उनीहरूलाई आफ्नो कार्यक्षेत्रभित्र र बाहिर सशक्त आवाज, अवसर, पहिचान र प्रतिनिधित्व पाउन कसरी मद्दत गर्न सक्छौं?

विश्वभर एक अरबभन्दा धेरै व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता छ ।[१] अपाङ्गताको बढ्दो दरसँगै अधिकांश मानिसले जीवनको कुनै न कुनै समयमा अपाङ्गताको अनुभव गर्छन् भन्ने पुष्टी गर्दछ । त्यसकारण, अपाङ्गताको अर्थ र यसले व्यक्तिको क्षमतामा पार्ने प्रभावका साथै उनीहरूलाई समाजमा सक्रियतापूर्वक सहभागी हुन कति चुनौती छन् भन्ने बुझ्न जरूरी छ । विश्वभर १० देखि २४ वर्ष उमेर समूहमा करिब १ करोड ८० लाखदेखि २ करोडको संख्यामा अपाङ्गता भएका व्यक्ति छन् । नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले १६ देखि ४० वर्षबीचका व्यक्तिलाई युवाको रूपमा परिभाषित गरेको छ । नेपालमा अपाङ्गता भएका व्यक्तिको जनसंख्या करीब दुई प्रतिशत रहेको छ ।[२] तथापि, अपाङ्गता भएका युवा कति छन् भन्ने छुट्टै तथ्याङ्क उपलब्ध छैन । एक अध्ययनअनुसार, नेपालमा जनजाति, दलित, मधेसी र यौनिक अल्पसंख्यकसहित १३ लाख अपाङ्गता भएका व्यक्ति छन् ।[३] तर, यो जनसंख्याको छुट्टा-छुट्टै औपचारिक र आधिकारिक तथ्याङ्क भेटिंदैन । यसरी जुन जनसंख्या समाजको पिंधमा पारिएका छन्, उनीहरूले नै अपाङ्गता अभियानमा ठाउँ, अवसर, पहिचान र प्रतिनिधित्व पाएका छैनन् ।

However, youth with disabilities are like any other young persons. While they have aspirations and dreams, they also face persistent social disadvantages stemming from discrimination in regard to their social identity (related with age, sex, gender, disability, caste and ethnicity and others), which leads to stigmatism and prejudice, as well as physical, socio-economic, cultural, and legal barriers that limit access to education, employment, health, leisure, sexual health and reproductive rights, violence, and family life.

Each social identity has a broader and complex understanding and analyzing from a singular standpoint is not adequate. Disability is a broad, complex, dynamic and evolving concept. Disability related challenges, its meaning in the lives of persons with disabilities and its diversities is rarely uniform. Disability is a part of the diverse human experiences and it differs in many differing contexts. For example, persons with mobility impairments may experience disability in ways that differ greatly from how those with intellectual disabilities encounter challenges. When gender, ethnicity, age or social economic status are added to these identities, the lived experiences will also vary. As every identity incorporates various power relations that shape individual's identity and experience, the degree of the challenges, discrimination and exclusion an individual face will vary depending on the culture, context, community and country they live.

**“More than one billion persons around the world live with a form of disability. The growing prevalence rate of disability reflects the fact that most persons experience disability at some point in their lives.”**

Therefore, the philosophy of the 'one size fits all' notion without analyzing its relations with other social identity markers cannot define the challenges faced by young indigenous women with disability from a low economic status. Therefore, it has to be redefined from a holistic framework integrating intersectional approach. In this regard, Kimberlé Crenshaw has developed the idea of intersectionality to analyze the multiple and overlapping discrimination experienced by African-American women in the US context. In her view, African-American women are discriminated against as African-American women, and this discrimination does not happen in the same way as it does for white women or African-American men. In other words, when analyzing discrimination, a person's experiences within groups should also be considered. Discrimination should not be seen reductively as just sexism added to racism or vice-versa. Rather, these different discriminations should be seen as a unified system that generates discrimination. Largely falling on a single identity marker of an individual, intersectionality asserts that all aspects of a person's identity needs to be examined as simultaneously interacting with each other and affecting their perception in a society.

In the case of youth with disabilities, the challenges faced are less debated within the disability and youth movement as a whole and so they tend to face





अपाङ्गता भएका युवा पनि अन्य युवाजस्तै हुन् । उनीहरूका पनि सपना, इच्छा र आशा हुन्छन् । तथापि, उनीहरूले उमेर, लिङ्ग, अपाङ्गता, जात र अन्य पहिचानको कारणले विभिन्न किसिमका सामाजिक विभेद र चुनौतीको सामना गर्नु परिरहेको छ । यस्ता भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र कानुनी अड्चका कारण उनीहरु शिक्षा, स्वास्थ, रोजगार, मनोरञ्जन, लैङ्गिक स्वास्थ र प्रजनन अधिकार, हिंसा, पारिवारिक जीवन र सामाजिक सहभागिताबाट बञ्चितीकरणमा पारिँदै आएका छन् ।

प्रत्येक सामाजिक पहिचान व्यापक र जटिल हुने भएका कारण यसको एकल दृष्टिकोणबाट मात्रै विश्लेषण गरेर पुग्दैन । उदाहरणका लागि अपाङ्गता आफैंमा जटिल र व्यापक छ । यतिमात्रै होइन, यो गतिशील र विकसित अवधारणा पनि हो । अपाङ्गतासम्बन्धी चुनौती र यसले अपाङ्गता भएका व्यक्तिको जीवनमा पार्ने प्रभाव पनि फरक-फरक छन् । अपाङ्गता भएका व्यक्तिले गर्ने अनुभव पनि परिस्थिति अनुरूप विविध छन् । शारीरिक अपाङ्गता भएका व्यक्तिको अनुभव बौद्धिक अपाङ्गता भएका व्यक्तिको भन्दा धेरै फरक हुनसक्छ । यसैगरी लिङ्ग, जाति, उमेर वा सामाजिक, आर्थिक विशेषता वा पहिचान थपिँदै जाँदा उनीहरूको अपाङ्गतासम्बन्धी अनुभव पनि फरक हुँदै जान्छ । प्रत्येक पहिचानसँग विभिन्न शक्ति-सम्बन्ध अन्तरनिहीत हुन्छ, जसले व्यक्तिको पहिचान निर्धारण गरिदिन्छ । यसैगरी उनीहरूले भोगेको चुनौतीको स्तर, विभेद र बहिस्करणको आयाम पनि संस्कृति, सन्दर्भ, समुदाय र परिवेशका आधारमा फरक र सर्वव्यापी हुनसक्छ ।

'सबैलाई एकै साइज ठीक हुन्छ' वा 'एक-पक्षीय ढाँचा'को सैद्धान्तिक दर्शनबाट सबै किसिमका सामाजिक पहिचानसँग जोडिएका अपाङ्गता भएका व्यक्तिको परिभाषा गर्न मिल्दैन । कमजोर आर्थिक अवस्था भएको र अपाङ्गता पनि भएको आदिवासी युवा महिलाले सामना गर्नुपर्ने चुनौती अन्य अपाङ्गता भएका व्यक्तिको भन्दा फरक हुनसक्छ । तसर्थ, लैङ्गिक अन्तरसम्बद्धताको दृष्टिकोण प्रयोग गरेर हामीले समग्र ढाँचाबाट सामाजिक पहिचानका मुद्दालाई पुनः परिभाषित गर्नु पर्ने हुन्छ । किम्बर्ली क्रेंशले संयुक्त राज्य अमेरिकाका अफ्रिकी-अमेरिकी महिलाले गरेको अनुभवको विश्लेषण गर्ने क्रममा लैङ्गिक अन्तरसम्बद्धताको अवधारणाको विकास गरेकी थिइन् । उनले दृष्टिकोणमा अफ्रिकी-अमेरिकी महिलाले गरेका विभेदको अनुभव स्वभाविक रूपमा गोरा महिला वा अफ्रिकी-अमेरिकी पुरूषले गरेका हुँदैनन् भन्ने दृष्टिकोण पेश गरेकी थिइन । अर्को कोणबाट हेर्दा अपाङ्गता भएका युवाको विश्लेषण गर्दा फरक-फरक समूहले गरेका अनुभवलाई पनि विचार गर्नुपर्छ । यस्ता विभेदलाई केबल स्त्रीद्वेषमा नस्लवाद थपिएको वा  नस्लवादमा स्त्रीद्वेष मिसाइएको मात्र भनेर बुझ्न हुँदैन । बरु यस्ता विभेदलाई समाजमा भेदभाव पैदा गर्ने एकीकृत संरचनागत प्रणालीको रूपमा हेर्नुपर्छ । लैङ्गिक अन्तरसम्बद्धताको अवधारणाले एक व्यक्तिको पहिचान बुझ्न उसको पहिचानका सबै पक्षलाई समग्रतामा बुझ्नुपर्छ भन्ने कुरामा जोड दिन्छ । यसका साथै सबै पक्षबीचको अन्तरर्क्रियाले समाजका व्यक्तिको धारणा निर्माणमा पनि प्रभाव पार्न सक्छ भन्ने मान्यता राख्दछ ।

**“विश्वभर एक अरबभन्दा धेरै व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता छ । अपाङ्गताको बढ्दो दरसँगै अधिकांश मानिसले जीवनको कुनै न कुनै समयमा अपाङ्गताको अनुभव गर्छन् भन्ने पुष्टी गर्दछ ।”**

अपाङ्गता भएका युवाको हकमा पनि उनीहरूको उमेर र अपाङ्गताको अवस्थितिबारे बहस गरिन्छ । यस्तो अभियान सञ्चालनका क्रममा उनीहरूले संरचनागत अवरोधको सामना गरिरहेका छन् । प्रचलित कानुन र नीतिले युवा वा अशक्त पहिचानलाई फरक

many institutional barriers. The prevailing laws and policies do not disaggregate youth or disability identity markers so they also face legal barriers too. The intersection of their multiple identities and its impact on their daily lives in terms of accessing public services is considerable, especially when compared to persons without disabilities. They lack participation and societal recognition. When inclusive participation is practiced by society in certain circumstances, those are only ever token efforts. The mindset that youth with disabilities can contribute to society remains minimal.

From a gender perspective, young girls with disabilities, including young girls with disabilities from marginalized groups, are more vulnerable to violence, including gender-based violence and are less likely to attend school. They receive little information about sexual health related matters, introducing new vulnerabilities to sexual exploitation and denying them the rights persons without disabilities enjoy. These issues are exacerbated also by the absence of information, especially information that considers the diversity and intersecting forms of discrimination.[4] One youth with disabilities once told me that "too often our issues are invisible, too often forgotten and too often overlooked. They are among the most isolated, socially excluded and marginalized of all marginalized populations and their issues are less discussed, we have to be vocal always to raise our issues. The mindset that young people with disabilities are active agents and contribute in society is limited and there are stereotypes and stigma that still exist".

The 2006 UN Convention on the Rights of Persons with Disabilities (CRPD) recognizes the rights of persons with disabilities to the full enjoyment of their human rights, including the right to equal participation in society and to live in dignity. The 2030 Agenda for Sustainable Development calls on countries to recognize the equal rights of persons with disabilities, including youth. There have also been some efforts to engage youth through the 2020 Youth Engagement for Global Action in Nepal. Similarly, the Concluding Observation (CO) of UNCRPD 2018 and UN Convention on the Elimination of All forms of Discrimination Against Women have the mandate to address the issue of disabilities in regard to women, youth, indigenous and other multiple and marginalized persons. The CO recommended that Nepal implement existing anti-discrimination laws, policies and program to prevent multiple and intersectional discrimination against disadvantaged groups and intersecting identities. It also advised to make programs and effective mechanisms available for victims of discrimination in order that they can seek redress and appropriate compensation.[5] The 2018 Disability Act also aims to ensure that the rights of peoples with disabilities are implemented so that all peoples with disabilities can enjoy and exercise their rights.

**"In short, issues affecting youth with disabilities should be grounded through a deeper understanding of the intersectional lens by engaging different youth, disability, women, and other marginalized groups/ movements and also involve awareness raising efforts to mainstream them within wider society."**





ढङ्गले सम्बोधन गर्दैन । त्यसैले उनीहरूले कानुनी बाधा-व्यवधानको पनि सामना गर्नु परिरहेको छ । शिक्षा, अवसर, रोजगार, यौन स्वास्थ्य र प्रजनन अधिकार, हिंसा र सार्थक सहभागिताजस्ता सेवामा उनीहरूको पहुँच सीमित हुन्छ । यसैगरी सामाजिक सहभागिता र पहिचान पनि कम हुन्छ । समावेशी सहभागिताको अभ्यास केही कार्यक्रममा सुरू भएको अवस्थामा उनीहरूलाई केबल 'टोकन'को रूपमा मात्रै सहभागी गराइन्छ । अपाङ्गता भएका युवाले आफू बस्ने समाजमा योगदान पुऱ्याउन सक्छन् भन्ने मानसिकता समेत विकास नभएको पाइन्छ ।

लैङ्गिक दृष्टिकोणबाट हेर्दा अपाङ्गता भएका युवती र सीमान्तकृत समूहका अपाङ्गता भएका युवती बढी जोखिममा छन् । उनीहरूले एकातिर लैङ्गिक हिंसाको सामना गरिरहेका छन् भने अर्कोतिर अध्ययनका लागि विद्यालय जान सकिरहेका छैनन् । धेरैलाई यौन स्वास्थ्यजस्ता मामिलामा पर्याप्त जानकारी छैन, त्यसैले उनीहरु यौन शोषण र अन्य प्रकारका जोखिमको सामना गर्न बाध्य हुन्छन् । यसले उनीहरु सन्तोषजनक यौन जीवन बिताउने अधिकारबाट समेत बञ्चित रहेको देखाउँछ । उनीहरु केबल विवाहका लागि साथी छनौट गर्छन् र बच्चा जन्माउँछन् । विविधता र भेदभावको अन्तरसम्बन्धबारे सूचित र जानकार नभएका कारण उनीहरु थप जटिल समस्यासँग संघर्ष गर्दै बाँचिरहेका छन् ।[४] अपाङ्गता भएका एक युवाले कुनैबेला मलाई यसो भनेका छन्, "हाम्रा धेरैजसो मुद्दाहरु अदृष्य हुन्छन् । हाम्रा मुद्दा प्रायः बिर्सिइन्छ वा बेवास्ता गरिन्छ । ती सरोकारलाई समाजमा अति सीमान्तकृत र बहिष्कृत गरिन्छन् । यी मुद्दामा अत्यन्तै थोरै छलफल हुन्छ । हाम्रो मुद्दाका लागि सँधै हामीले मात्रै आवाज उठाउनु पर्ने अवस्था छ । धेरैजसोमा अपाङ्गता भएका युवाहरु समाजका सक्रिय सदस्य हुन् र समाजमा योगदान पुऱ्याउन सक्छन् भन्ने मानसिकता छैन । परम्परागत विभेदकारी सौँच र अपमानजन्य व्यवहार अझैं कायम छ ।"

संयुक्त राष्ट्रसंघ अपाङ्गता भएका व्यक्तिको अधिकार (युएनसीआरपीडी सन् २००६)को सम्मेलनले अपाङ्गता भएका व्यक्तिको मानवअधिकारको पूर्ण उपभोग गर्न पाउने अधिकारको ग्यारेन्टी गरेको छ । उनीहरूले मर्यादापूर्वक बाँच्न पाउने र समाजमा समान सहभागिता हुन पाउने अधिकारको पनि सुनिश्चितता गरेको छ । दिगो विकास लक्ष्य (२०३०)ले युवासहित अपाङ्गता भएका व्यक्तिले समान व्यवहार पाउने अधिकार सुनिश्चित हुनेगरी समावेशी विकासको प्रबर्द्धन गर्न राज्यहरूलाई आह्वान गरेको छ । सन् २०२० को युथ इन्गेजमेन्ट फर ग्लोबल एक्शनअन्तर्गत नेपालले पनि केही कामहरु गर्ने प्रयत्न गरेको छ । युएनसीआरपीडीका साथै र महिलाविरूद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्ने महासन्धी (सीड)को सन् २०१८ मा भएको सम्मेलनले पनि महिला, युवा र अपाङ्गता भएका व्यक्तिका मुद्दालाई सम्बोधन गर्न र उनीहरुविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गरिनु पर्ने सवाललाई समावेश गरेको थियो । युएनसीआरपीडीले सरकारलाई पछाडि पारिएका समूह र अन्तरसम्बद्धता पहिचान भएका व्यक्तिविरूद्ध हुने भेदभाव रोक्नका लागि उपलब्ध कानुन र नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने निष्कर्षसहित सुझाबहरु प्रदान गरेको छ । उक्त निष्कर्षले यस्ता विभेदबाट पीडित भएका व्यक्तिको समस्या समाधान गर्न र उचित क्षतिपूर्ति दिनका लागि प्रभावकारी संयन्त्रको गठन गर्न पनि सरकारलाई सुझाब दिएको छ ।[५] नेपालको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को उद्देश्य पनि अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन भएको सुनिश्चित गर्नु हो । यसको अर्थ उनीहरूले सहजरूपमा उपलब्ध अधिकारको उपभोग र अभ्यास गर्न सक्ने वातावरण निर्माण हुनुपर्छ भन्ने हो ।

**"अपाङ्गता भएका युवा र उनीहरुका मुद्दालाई सामाजिक अन्तरसम्बद्धताको कोणबाट गहिरो किसिमले हेर्नुपर्छ र बुझ्नुपर्छ । यो मुद्दालाई युवा, अपाङ्गता, महिला र अन्य सीमान्तकृत समुदाय वा आन्दोलनमा पनि समावेश गर्नुपर्छ ।"**

Yet, all these initiatives remain ineffective as they are framed from single identity makers like disability, while not considering gender, age, ethnicity and others. As a consequence, international recommendations provided in this area are not considered in an integrated way by Nepal at any level. However, by framing these international and national policies within an intersectional approach, the principles of youth disability inclusion and participation can be ensured. By examining the effects of power or how power structures are present within a society, intersectionality also uncovers how the status of privilege functions. Intersectionality considers the differences between individual identities and also considers social power structures and the social inequality that results from them. It provides an approach that can more comprehensively answer questions of need, justice and equity within marginalized movements through analyzing and conceptualizing social identity markers questions through a multi-axis approach.

Therefore, by considering, age, disability including other identities and its power relation to other social issues like health, education, employment, opportunities, participation, we can better examine and create increased space to address the needs and inclusion of youth with disability. This group(s) in society should be full participants in the design and implementation of programs affecting their lives - from the development of laws through to the monitoring phase. Any initiative promoting their rights and access to services must be attentive to the compounding forms of discrimination that they continue to face. In short, issues affecting youth with disabilities should be grounded through a deeper understanding of the intersectional lens by engaging different youth, disability, women, and other marginalized groups/movements and also involve awareness raising efforts to mainstream them within wider society.

## References


- Bronner, K., and Paulus, S. (2017). Intersektionalität: Geschichte, theorie und praxis, Intersectionality: History, theory, and practice. Opladen: utb.
- Crenshaw, K. (1989). Demarginalizing the intersection of race and sex: A black feminist critique of antidiscrimination doctrine, feminist theory and antiracist politics. University of Chicago Legal Forum, 1989(1), 139–167.
- Secretariat for the Convention on the Rights of Persons with Disabilities, UNDESA and the Burton Blatt Institute at Syracuse University. (2013). Fact Sheet: Youth with Disabilities. Retrieved from http://www.un.org/esa/socdev/documents/youth/fact-sheets/youth-with- disabilities.pdf






यद्यपि, अपाङ्गतालाई एकल पहिचानको रूपमा लिएर अरु पहिचान (लिङ्ग, उमेर र जातजाति)लाई उपेक्षा गरिएका कारण राज्यले गरेका यस्ता पहलहरु पनि प्रभावहीन साबित भएका छन् । यसकारण, अन्तर्राष्ट्रिय रूपमा दिइएको सुझावलाई नेपालले समग्रतामा ग्रहण गर्न सकेको छैन । अन्तरसम्बद्धताको दृष्टिकोणबाट हेर्दा आवश्यक राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति-निर्माण गरेर अपाङ्गता भएका युवाहको समावेशीकरण र सहभागिताका मुद्दालाई सुनिश्चित गर्न सकिन्छ, तर नेपालले यस्तो काम भने गरेको छैन । शक्ति-संरचनाको प्रभाव र शक्ति-संरचनाको समाजमा अवस्थितिको परीक्षण गर्ने क्रममा, अन्तरसम्बद्धताले संरचनात्मक लाभको प्रभावलाई पनि उजागर गर्छ । यसैगरी अन्तरसम्बद्धताले व्यक्तिगत पहिचानबीच रहेको भिन्नताको विश्लेषण गर्ने र सामाजिक शक्ति-संरचना र त्यसबाट आएको सामाजिक असमानतालाई पनि विचार गर्नुपर्छ । सामाजिक अन्तर्सम्बद्धताले प्रदान गर्ने बहु-पक्षीय दृष्टिकोणबाट सामाजिक परिचयको अवधारणाको विश्लेषणबाट मात्रै सीमान्तकृत आन्दोलनमा उठ्ने न्याय, आवश्यकता र समताका प्रश्नको बिस्तृत जवाफ प्राप्त हुन सक्छ ।

त्यसैले, स्वास्थ्य, शिक्षा, रोजगार, अवसर र सहभागिताजस्ता सामाजिक मुद्दामा उमेर, अपाङ्गता र अन्य पहिचानका साथै यसमा निहीत शक्ति-सम्बन्धबारे विचार गर्नुपर्छ । यसैका आधारमा उनीहरूको आवश्यकता, सरोकार र समावेशीकरणका सवाललाई सम्बोधन गर्न आलोचनात्मक विमर्श गरिनुपर्छ । यसका लागि विभिन्न फोरम र स्थान निर्माण गर्न सकिन्छ । अपाङ्गता भएका युवा र ती क्षेत्रमा काम गर्ने प्रतिनिधिमुलक संगठनले उनीहरूको जीवनलाई प्रत्यक्ष असर गर्ने कानुन, नीति र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमनका सबै चरणसम्म निरन्तररूपमा पूर्ण सहभागी हुनुपर्छ । अपाङ्गता भएका व्यक्तिको अधिकार र सामाजिक सेवामा पहुँच बिस्तार गर्ने कुनै पनि कार्यक्रममा युवालाई प्रोत्साहित गर्ने गतिविधि सञ्चालन गर्नुपर्छ । यस्तो बेला अपाङ्गता भएका युवाले सामना गर्ने जटिल प्रकृतिका भेदभावलाई गम्भीरतापूर्वक ध्यान दिइनुपर्छ । निष्कर्षमा, अपाङ्गता भएका युवा र उनीहरूका मुद्दालाई सामाजिक अन्तरसम्बद्धताको कोणबाट गहिरो किसिमले हेर्नुपर्छ र बुझ्नुपर्छ । यो मुद्दालाई युवा, अपाङ्गता, महिला र अन्य सीमान्तकृत समुदाय वा आन्दोलनमा पनि समावेश गर्नुपर्छ । यसैगरी समाजका विविध पहिचानयुक्त समूहसँग छलफल र अन्तर्क्रिया गरी उनीहरूलाई सचेत गराउँदै अपाङ्गता भएका व्यक्तिको मुद्दालाई मूलप्रवाहिकरण गरिनुपर्छ ।

## सन्दर्भ सूची


- ब्रोनर, के. र पौलुस, एस । सन् २०१७ । इटरसेक्शनलिटीः हिस्ट्री, थ्यौरी एण्ड प्राक्टिस । अेप्लडेनः युटीबी ।
- क्रेन्सव, के. । सन् १९८९ । डिमार्जिनलाइजिङ द इनटरसेक्शन अफ रेस एण्ड सेक्सः ब ब्लाक फेमिनिस्ट क्रिटिक अफ एण्टी डिस्क्रिमिनेशन डक्ट्रिन, मेमिसिस्ट थ्यौरी एण्ड एण्टी रेसिस्ट पोलिटिज । युनिभर्सिटी अफ सिकागो लिगल पोरम, सन् १९९८(१), १३९-१६७ ।

- Walgenbach, K. (2017). Heterogenität-Intersektionalität-Diversity in der Erziehungswisseschaft. Heterogeneity-Intersectionality-diversity in educational science. Stuttgart: utb.
- World Health Organisation and World Bank (2011) World Report on Disability. 3. Retrieved from http://www. who.int/disabilities/world report/2011/en/.


## Endnotes

[1] WHO and the World Bank, 2011, World Report on Disability, available at https://www.who.int/disabilities/world_report/2011/report.pdf?

[2] Please see CBS data 2011 or disability portal page http://www.nepaldisabilityportal.org/categories/13-habitation-and-rehabilitation/49-district-wise-population-of-persons-.

[3] NIDWAN et.al, 2018. The Rights of Indigenous Persons with Disabilities in Nepal, submitted to The Committee on the Rights of Persons with Disabilities 19th Session of CRPD find in https://www.indigenouspeoples-sdg.org/index.php/english/all- resources/resource-materials2/reportsand-publications/75- indigenous-people.

[4] Presentation on 19th NIDWAN Virtual Discussion Series on Issues of Young People with Disabilities and Sexual Reproductive Health with Sarita Lamichane, President of Prayatna Nepal, held on January 2 2021.

[5] Please see https://www.ecoi.net/en/document/1426667.html, CRPD Concluding Observation.






- सेक्रेटारियट अफ द कन्भेन्सन अन द राइट्स अफ पर्सन विद डिसेबिलिटी, युएनडीईएसए एण्ड द ब्रुटन ब्लाट इन्स्टिच्यूट बत साइरकस युनिभर्सिटी । सन् २०१३ । फ्याक्ट सिटः युथ विद डिसेबिलिटिज । http://www.un.org/esa/socdev/documents/youth/fact-sheets/youth-with- disabilities.pdf बाट लिइएको ।
- वाल्गेनवेक, के. । सन् २०१७ । हेटेरोजेनिटी-इन्टरसेक्सनलिटी-डाइभर्सिटी इन इजुकेशनल साइन्स । स्टुर्टगार्टः युटीबी ।
- वर्ल्ड हेल्थ अर्गनाइजेशन एण्ड वर्ल्ड ब्याङ्क । सन् २०११ । वर्ल्ड रिपोर्ट अन लिसबिलिटी, ३ । http://www. who.int/disabilities/world_report/2011/en/ बाट लिइएको ।


## पाद टिप्पणी

[१] वर्ल्ड हेल्थ अर्गनाइजेसन एण्ड द वर्ल्ड बैंक, सन् २०११ । वर्ल्ड रिपोर्ट अन डिसेबिलिटी । उक्त प्रतिवेदन लिङ्कमा उपलब्ध छः https://www.who.int/disabilities/world_report/2011/report.pdf?

[२] केन्द्रीय तथ्याङ्क विभागको वेवसाइटमा यो तथ्याङ्क हेर्न सक्नुहुन्छ । यो लिङ्कमा उक्त तथ्याङ्क समावेश गरिएको छः http://www.nepaldisabilityportal.org/categories/13-habitation-and-rehabilitation/49-district-wise-population-of-persons-

[३] नीड्वान एट अल, सन् २०१८ । द राइट्स अफ इण्डिजिनस पर्सन विथ डिसेबिलिटिज इन नेपाल, सबमिटेड टु द कमिटी अन द राइट्स अफ पर्सन विथ डिसेबिलिटिज, नाइनटिन्थ सेसन अफ सीआरपीडी, यो प्रतिवेदन यो लिङ्कमा उपलब्ध छः https://www.indigenouspeoples-sdg.org/index.php/english/all- resources/resource-materials2/reportsand-publications/75- indigenous-people

[४] १९ औं एनआइडीडब्ल्यूएको सन् २०२१ जनवरी २ मा आयोजित भर्चुअल छलफल श्रृङ्खलामा प्रयन्त नेपाली अध्यक्ष सरिता लामिछानेसँग अपाङ्गता भएका युवाहरूको मुद्दा र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी छलफलमा व्यक्त गरिएको विचार ।

[५] हेर्नुहोसः https://www.ecoi.net/en/document/1426667.html सीसीआरडी, समापन अवलोकन ।

# लेखकहरु



## ब्रबिमकुमार

ब्रबिमकुमार युवा अभियान्ता हुनुहुन्छ । उहाँसँग युवा विषयमा अनुसन्धान र नेतृत्व विकासको दश वर्षभन्दा लामो अनुभव छ । उहाँ नेपाल युवा संस्था सञ्जालको पूर्व-अध्यक्ष र महासचिव हुनुहुन्थ्यो । युवा नीति ल्याबले सन् २०१५ मा उहाँलाई एसिया प्रशान्त क्षेत्रबाट विश्वव्यापी युवा अनुसन्धानकर्ताको रुपमा मान्यता दिएको थियो । यसैगरी सन् २०१५ मा उहाँ युएन हेविट्याटको विश्वव्यापी युवा सल्लाहकारमा पनि मनोनित हुनुभएको थियो । उहाँ विभिन्न राष्ट्रिय सञ्चारमाध्यमा युवाको सवालमा निरन्तररूपमा लेख लेख्नुहुन्छ ।



## रुक्शना कपाली

रुक्शना कपाली नेवार समुदायको २२ वर्षीय पारलैङ्गिक महिला हुनुहुन्छ । उहाँ सार्वजनिक रुपमा यौनिक अभिमुखिकरण, लैङ्गिक पहिचान र यौनिक विशेषताको अधिकारबारे निरन्तररूपमा बोल्दै आउनु भएको छ । उहाँ नेपाल भाषा आन्दोलनमा पनि सक्रिया हुनुहुन्छ । मूलत: यौनिक अभिमुखिकरण, लैङ्गिक पहिचान र यौनिक विशेषतासहित व्यक्तिको अधिकार र भाषा अधिकारबारे उहाँले लेख्नुभएका सामग्रीहरु विभिन्न तीन भाषामा प्रकाशित भएका छन् ।



## बसन्त बस्नेत

बसन्त बस्नेत शिलापत्र अनलाईन समाचार पोर्टलको प्रधान सम्पादकका रुपमा कार्यरत हुनुहुन्छ । त्यसअघि उहाँ 'नेपाल' र 'अन्नपूर्ण टुडे' म्यागेजिनको सम्पादकको भूमिकामा हुनुहुन्थ्यो । कान्तिपुर दैनिकमा राजनीतिक संवाददाताको रुपमा पत्रकारिता गरिसक्नु भएका बस्नेत '७२ को विस्मय' नामक पुस्तकको लेखक हुनुहुन्छ ।



## प्रतिमा गुरुङ्ग

प्रतिमा गुरुङ्ग महिला, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र सिमान्तकृत समुदायको अधिकारका पक्षमा निरन्तर आवाज उठाइरहने एकजना अभियन्ता हुनुहुन्छ । उहाँले बहु-सिमान्तकृत पहिचानको सवालमा अन्तरसम्बद्धताको दृष्टिकोणबाट काम गर्दै आउनु भएको छ । पदमकन्या क्याम्पसको संकाय सदस्य (फेकल्टी मेम्बर) उहाँ नेपाल सरकारको महिला, बालबालिका र ज्येष्ठ नागरिक मन्त्रालयद्वारा गठित अपाङ्गता राष्ट्रिय निर्देशन समितिमा विज्ञको रुपमा संलग्न भई योगदान दिइरहनु भएको छ ।

